वनेपा नगरपालिका

# लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण प्रतिवेदन

आर्थिक वर्ष ०८०/०८१






**प्रतिवेदन प्राप्त गर्ने निकाय**

वनेपा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, काभ्रेपलाञ्चोक

बागमती प्रदेश

**प्रतिवेदन लेखन तथा पेश गर्ने**

**नवीनचन्द्र घिमिरे**

# विषय तालिका


हार्दिक आभार ........ ४

भाग-१ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणको अवधारणा ........ १

**१.१ पृष्ठभूमिः** ........ १

**१.२ वनेपा नगरपालिकाको संक्षिप्त परिचय** ........ १

**१.३ लैससास परीक्षणको महत्व** ........ २

**१.४ लैससास परीक्षण र कार्यान्वयनको कानुनी आधारहरू** ........ ३

**१.३ लैससास परीक्षणका उद्देश्यहरू** ........ ४

भाग-२ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणका विधि ........ ५

**२.१ लैससास परीक्षणले समेट्ने क्षेत्रहरू** ........ ५

**२.२ लैससास परीक्षणको विधि र तरीका** ........ ५

**२.२.१ दस्तावेज समीक्षा** ........ ५

**२.२.२ लक्षित समूह छलफल** ........ ६

**२.२.३ परीक्षण कार्यशाला** ........ ६

**लैससास परीक्षण कार्यशालाका सहभागीहरू** ........ ६

**गोष्ठी सञ्चालन विधि** ........ ७

**लैससास परीक्षणका विषय क्षेत्रहरू र अङ्क भार** ........ ८

**लैससासका दृष्टिले वनेपा नगरपालिकाद्वारा जारी गरिएका कानूनहरूको प्रकृति क्षेत्रहरू र अङ्क भार** ........ ८

भाग-३ लैससास परीक्षणबाट आएका मुख्य प्राप्तिहरू ........ १०

**३.१ लैससास परीक्षणबाट प्राप्ताङ्कहरूको प्रस्तुतिकरण** ........ १०

**३.३ लैससास नतिजाको त्रिवर्षीय प्रवृत्ति विश्लेषणः** ........ १२

**३.४ लैससास परीक्षणमा प्राप्त सबलता र सुधार गर्नुपर्ने पक्षहरू** ........ १३

**३.४ लैङ्गिक तथा सामाजिक समावेशी विकास कार्ययोजना** ........ ३२

**३.५ अवसर र चुनौतिहरू** ........ ४६

**३.४.१ अवसरहरू** ........ ४६

**३.४.१ चुनौतिहरू** ........ ४६

भाग-४ निष्कर्ष र सुझावहरू ........ ४७

**४.१ निष्कर्ष** ........ ४७

**४.२ सुझावहरू** ........ ४८

**अनुसूचि १: लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्य-समूहहरू** ........ ४९

**अनुसूचि २: लैससास परीक्षण गोष्ठीको उपस्थिति** ........ ५१

**अनुसूचि ३: लैससास परीक्षण प्रारम्भिक नतिजा सार्वजनिक कार्यक्रमको उपस्थिति** ........ ५५

अनुसूचि ४: लैससास निर्दिष्ट हुने गरी वनेपा नगरपालिकाद्वारा जारी गरिएका कानूनहरू ........ ५८
अनुसूचि ५: वनेपा नगरपालिकामा लैससास प्रबर्द्धनका लागि भएका केही प्रयासहरू ........ ५९
अनुसूचि ६: लैससास परीक्षण कार्यशाला गोष्ठीका तस्बीरहरू........ ६०

# तालिका सूचि

तालिका 1 : स्थानीय तहमा लैससास परीक्षणका सहभागीहरू........ ६
तालिका 2: स्थानीय तहमा लैससास परीक्षणको समय तालिका........ ७
तालिका 4: लैससास परीक्षणको तीन वर्षको प्रवृत्ति ........ १२
तालिका 5: लैससास परीक्षणबाट प्राप्त सबलता र गर्नुपर्ने कार्यहरू........ १४
तालिका 6: लैङ्गिक तथा सामाजिक समावेशी विकास कार्ययोजना........ ३२

# चित्र सूचि

चित्र 1 माकुरे जालोमा प्रस्तुतिकरण........ ११
चित्र 2 स्तम्भचित्रमा प्रस्तुतिकरण ........ ११
चित्र 3: लैससास परीक्षणको तीन वर्षको प्रवृत्ति स्तम्भ चित्रमा प्रस्तुतिकरण........ १२

# हार्दिक आभार

वनेपा नगरपालिकाको आयोजनामा सम्पन्न ***"वनेपा नगरपालिकाको लैससास परीक्षण (GESI Audit) २०८०/०८१"*** कार्यमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुहुने नगरप्रमुख श्री शान्तिरत्न शाक्य, उपप्रमुख श्री विमला सापकोटा (दाहाल), प्रमुख प्रशासकीय अधिकृत श्री पोषण लामिछाने, वडा अध्यक्षहरू तथा कार्यपालिका सदस्यहरू, कार्यक्रमलाई संयोजन गर्नुहुने महिला विकास अधिकृत श्री भगवती तामाङ तथा महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखाका कर्मचारी साथीहरू लगायत यस कार्यमा  प्रत्यक्ष परोक्ष सहयोग पुर्याउनु हुने सम्पूर्ण सम्बद्ध व्यक्तिहरूमा हार्दिक आभार व्यक्त गर्दछौं।

**धन्यवाद !**

**नवीनचन्द्र घिमिरे**

**रूपा सिटौला**

**लैससास परीक्षण सहजकर्ता**

# भाग-१ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणको अवधारणा

## १.१ पृष्ठभूमिः

नेपालको सामाजिक, साँस्कृतिक र धार्मिक परम्पराको कारण महिला र पुरुषको बीचमा रहेको सामाजिक जिम्मेवारी र पहुँचमा समानता छैन । नेपाली समाज पुरुष प्रधान रहेकोले परिवारदेखि राज्यको नेतृत्वसम्म महिलाहरूको सक्षमता तुलनात्मक रूपमा कम आँकलन गरिएको र पहुँच पुग्ने सकेको अवस्था छैन । यो महिला र पुरुषबीचको असमानता नेपालको मात्र समस्या पनि होइन । विश्वका अन्य मुलुकहरूमा पनि महिला र पुरुषबीचको असमानताको समस्या रहेको छ । यस समस्यालाई लैङ्गिक समस्याको रूपमा लिइएको छ । यसकारण लैङ्गिक समानता र लैङ्गिक समताको अवधारणालाई विश्वव्यापीरूपमा घोषणा गरी एक अभियानको रूपमा कार्यान्वयनमा ल्याइएको छ । यस्तै नेपाल सामाजिक साँस्कृतिक विविधता रहेको देश हो । विभिन्न जातजाति, मातृभाषा र सांस्कृतिक विविधता भएकोले यहाँ ती समुदायहरूको सामाजिक, साँस्कृतिक र आर्थिक अवस्थामा विविधता रहेको छ । सबै वर्ग र समुदायहरूका सामाजिक र आर्थिक क्षेत्रमा समान विकास हुन सकेको छैन । देशमा आदिबासी, जनजाति, दलित, मधेशी, मुस्लिम, पिछडावर्ग जस्ता समुदायहरूको सक्षमता र राज्यको सेवा सुविधामा पहुँच आदिको सवाल रहेको छ । साथै बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरू र भौगोलिक बिकटताको कारण गरिबी र वञ्चितिकरणमा परेका समुदायहरूको समस्याहरू रहेका छन् । यसकारण नेपालमा सामाजिक समावेशीकरणको सवाल पनि उत्तिकै महत्वपूर्ण भएकोले महिला समानता तथा समाजिक समावेशीकरणको अवधारणा कार्यान्वयनमा ल्याइएको नेपालको संविधान, मानव अधिकारसम्बन्धी घोषणापत्र, महिला अधिकारसम्बन्धी घोषणापत्र, बालअधिकार र आदिबासी जनजातिसम्बन्धी अन्तर्राष्ट्रिय घोषणापत्रहरू र यी क्षेत्रहरूमा कार्य गर्नको लागि गरिएका विभिन्न महासन्धिहरू र नेपालका सम्बन्धित ऐन, नियम र अन्य कानुनी व्यवस्थाहरूलाई आधारको रूपमा लिई उक्त प्रावधानहरूलाई स्थानीय सरकारहरूमा कार्यान्वयनको अवस्थाको मापन गर्ने अभिप्रायले नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय सरकारहरूको लागि लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यविधि तयार गरी स्थानीय तहहरूमा पारित गरेर कार्यान्वयनको लागि निर्देशन गरेको छ । यस कार्यविधिको आधारमा स्थानीय सरकार (गाउँपालिका/नगरपालिका)हरू, नेपाल सरकार मातहतका निकायहरू प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP) ले समेत स्थानीय सरकारहरू (गाउँपालिका र नगरपालिका) को लैससास परीक्षण गर्ने कार्यक्रम कार्यान्वयन गर्दै आएका छन् । यसै क्रममा यस वनेपा नगरपालिका, वनेपा, काभ्रेपलाञ्चोकको लैससास परीक्षण गरी यो प्रतिवेदन तयार गरिएको छ ।

## १.२ वनेपा नगरपालिकाको संक्षिप्त परिचय

पूर्वमा 'रक्तचन्दन' भनिने चण्डेश्वरी जङ्गल, उत्तरमा थागु (माथिको) जङ्गल र दक्षिणमा क्वःगु (तलको) जङ्गलको पृष्ठभूमिमा काठमाडौंबाट करिब २५ कि. मि. पूर्व समुद्री सतहदेखि ४८०० फिट उचाइमा अनि २७.३७ डिग्री अक्षांश र ८१.३१ डिग्री देशान्तरमा रहेको एउटा सानो तर रमणीय उपत्यकामा अवस्थित प्राचीन नगरी बनेपा ऐतिहासिक र धार्मिक क्षेत्र हो । पुरानो बनेपा नगर क्षेत्र पूर्वमा चण्डेश्वरीखोला, पश्चिमबाट दक्षिण हुदै पूर्वतिर बगिरहेको पुण्यमाताखोला अनि पहाड र पर्वत र स-साना गाउहरूले घेरिएको साँगा, नाला, धुलिखेल, श्रीखण्डपुर, चौकोट र पनौतीका बीचमा अवस्थित बनेपा काभ्रेपलाञ्चोक जिल्लाको महत्वपूर्ण व्यापारिक केन्द्र पनि हो । 'बने' ले व्यापार

र 'पा' ले बस्ती भन्ने बुझाउछ। त्यसैले बनेपा व्यापारीहरूको थलो हो। बनेपा सहर वणिर्पुर, बनेकापुर, बनेपुर, ब्यनेपे, बिन्यापा, विनयापुरी, विनायकपुरी, वनिंयप्य भनिँदै पछि 'बनेपा' हुन आएको हो।
पछिल्लो पुनर्संरचना अनुसार जम्मा १४ वटा वडाहरू मिलेर बनेको बनेपा नगरपालिकाको क्षेत्रफल ५४.५९ वर्ग कि.मी. रहेको छ। क्षेत्रफलको आधारमा काभ्रे जिल्लाको यो सबैभन्दा सानो नगरपालिका हो भने जनसंख्याको आधारमा काभ्रे जिल्लाको यो सबैभन्दा धेरै जनसंख्या भएको नगरपालिका हो। राष्ट्रिय तथ्याङ्क कार्यालय काठमाडौंले हालै प्रकाशन गरेको जनगणना २०७८ को अन्तिम प्रतिवेदनका अनुसार घरधुरी संख्या १६,६९८ भएको यस नगरपालिकामा पुरूष ३३,१७२ र महिला ३४,५१८ गरी जम्मा ६७,६९० जनसंख्या रहेको छ।

(आधारभूत विषयका स्रोतहरूः https://www.banepamun.gov.np)

## १.३ लैससास परीक्षणको महत्व

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको सवाल नेपालको लागि महत्वपूर्ण रहेको महसुस गरिएकोले लैससासको अवधारणा सबै स्थानीय तहहरूमा लागू गर्न प्रयास गरिएको छ। नेपाली समाजमा लैङ्गिक विभेदले महिला, पुरुष र अन्य लिङ्गको आधारमा सामाजिक विभेद देखिएको र फरक मूल्य मान्यताहरू व्याप्त भएको अवस्था छ। यस्तै वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक आधारमा विभेदहरू महसुस गरिएको छ। यी विभेदहरूको विरुद्धमा नेपाल सरकारले संविधान तथा विभिन्न कानुनी व्यवस्था गरी लागू गरेको छ। कानून अनुसार यी विभेदहरू दण्डनीय छन्। तैपनि समुदाय स्तरमा विगतको समयमा व्याप्त भएका यी विभेदहरूको कसर अझै बाँकी रहेको देखिन्छ। यस कारण नेपाल सरकारले लैङ्गिक तथा सामाजिक वहिस्करणलाई निर्मूल गर्ने नीति लिएको हो।
सबै स्थानीय सरकारहरूमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको अवधारणालाई कार्यान्वयन गरी समतामूलक समाजको स्थापना गर्ने कार्यमा यस लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यको महत्वपूर्ण भूमिका रहेको छ। हालको अवस्थामा स्थानीय सरकारहरूमा लैङ्गिक समता र सामाजिक समावेशीकरण प्रवर्द्धनका कार्यहरू के कति भएका छन् भन्ने कुराको निक्यौल गर्ने कार्य हो यो। यसबाट स्थानीय सरकारहरूले नीति कानून र योजना तर्जुमा गर्दा लैङ्गिक तथा सामाजिक समावेशीकरण सम्वेदनशीलताको प्रयोग र यस दृष्टिकोणको उपयोगको अवस्था कस्तो रहेको छ? स्थानीय तहहरूको संस्थागत संरचनामा लैससासको अवस्था कस्तो छ? पालिकाहरूको जनशक्ति नियुक्ति र जनप्रतिनिधिको व्यवस्थामा लैससासको रणनीतिक अभ्यास कस्तो छ र यसबाट सहभागिता र निर्णय प्रक्रियामा के प्रगति भएको छ? सेवा प्रवाहको क्रममा लैससासको अवधारणालाई कसरी कार्यान्वयन गरिएको छ? सेवा प्रवाहमा अझै महिला तथा विपन्न भएका समुदायका नागरिकहरू अझै वहिस्करणमा परेका छन्? सुशासनका अभ्यासहरूको अवस्था के छ? सुशासनमा लैससासको कार्यान्वयन कस्तो छ? यी कुराहरूको परीक्षण गरिने भएको हुँदा संघीय, प्रदेश र स्थानीय सरकारहरूमा नियमित लैससास परीक्षणको आवश्यकता रहेको छ।
यस लैससास परीक्षणले स्थानीय सरकारहरूमा विगतका आर्थिक वर्ष र विगतका समयमा कार्यालयबाट हुने सबै खाले सेवा प्रवाहमा लैससासको अवधारणालाई कार्यान्वयनको अवस्थाको चित्रण गर्दछ। यसबाट उक्त क्षेत्रको सबल र कमजोर पक्षहरू तथा अवसर र चुनौतिहरूको पहिचान विधिवत रूपमा पहिचान हुने भएकोले आगामी दिनहरूमा केकस्ता पहलहरू गर्ने बारेमा योजना तथा कार्यक्रमहरू तयार गर्न सहज हुने गर्दछ। समग्र नेपालमा

लैससास मैत्री समाजको निर्माण गर्न सरकारी तौरबाट गरिने पहलहरूमा प्रभावकारिता आउँछ। यसबाट विभेदकारी नीति तथा कार्यक्रमहरूको अन्त्य गरी सुशासनयुक्त समृद्ध समाजको सिजना गर्न टेवा पुग्दछ।
स्थानीय सरकारहरूमा लैससास परीक्षणले स्थानीय नीति, कानून र योजनाको तहमा लैससास सम्वेदनशीलता समावेश गरेर संस्थागत संरचना, जनशक्ति व्यवस्था र क्षमता विकास, सेवा प्रवाह, सुशासनका क्रियाकलापहरूमा लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी दृष्टिकोण कार्यान्वयन गरी हरेक स्थानीय तहमा समतामूलक समाजको स्थापना गर्ने जग निर्माणको अपेक्षा गरिएको छ। यसबाट स्थानीय तहबाटै दिगो शान्ति तथा समृद्धिको सुरुआत हुने सुनिश्चित छ।

## १.४ लैससास परीक्षण र कार्यान्वयनको कानुनी आधारहरू

नेपालको संविधान र सम्बन्धित ऐन, नियम, कार्यविधिहरू र नेपाल पक्ष भई हस्ताक्षर भएका अन्तर्राष्ट्रिय घोषणाहरू र महासन्धिहरू जस्तै मानव अधिकार सम्बन्धी घोषणापत्र, बेइजिङ घोषणापत्र १९९६, बालअधिकार सम्बन्धी महासन्धि १९८९, महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि कार्यान्वयनका लागि तयार गरिएको राष्ट्रिय कार्ययोजना र संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषदद्वारा पारित प्रस्ताव नं १३२५ र १८२० को कार्यान्वयन राष्ट्रिय कार्ययोजना, मानव अधिकार कार्ययोजना तथा छुवाछुत विरुद्धको कार्ययोजना आदिको कार्यान्यनको बाध्यात्मक व्यवस्थाहरू रहेका छन्।
नेपालको संविधानले नागरिकहरूको आधारभूत अधिकारहरूलाई सुनिश्चित गर्न व्यवस्था गरेको छ। संविधानको धारा १८ मा समानताको हकको व्यवस्था भएको छ जसले प्रत्येक व्यक्तिलाई समान कानुनी हैसियतको अधिकारको सुनिश्चित गरेको छ। सबै नागरिक कानूनको दृष्टिमा समान हुने तथा कसैलाई पनि कानूनको समान संरक्षणबाट वञ्चित नगरिने तथा सामान्य कानूनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, बैचारिक आस्था वा अन्य कुनै आधारमा भेदभाव नगर्ने व्यवस्था गरेको छ। सामाजिक वा साँस्कृतिक दृष्टिले पिछाडएका महिला, दलित, आदिबासी जनजाति, मधेशी, थारु, बालबालिका, जेष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, गर्भ अवस्थाका व्यक्ति, अशक्त वा असहाय, पिछाडिएको क्षेत्र वा आर्थिक रूपमा विपन्न खस आर्य लगायतका नागरिकहरूको संरक्षण सशक्तिकरण वा विकासको निम्ति विशेष व्यवस्था गर्न सकिने व्यवस्था गरिएको छ।
संविधानको धारा ३८ मा महिलाको हकको व्यवस्था गरेको छ जसले प्रत्येक महिलालाई लैङ्गिक भेदभाव बिना समान वंशीय हकको सुनिश्चित गरेकोको छ। प्रत्येक महिला सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी अधिकार सम्पन्न बनाएको छ। महिलालाई धार्मिक, सामाजिक, साँस्कृतिक परम्परा, प्रचनलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य गर्न पाइने छैन। यी कार्यहरू कानून बमोजिम दण्डनीय हुने र पीडितलाई कानून बमोजिम क्षतिपूर्ति पाउने अधिकारको व्यवस्था छ। राज्यको सबै निकायमा महिलालाई समानुपातिक समावेशिताको सिद्धान्तको आधारमा सहभागी हुने अधिकार सुनिश्चित भएको छ। महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हकको व्यवस्था भएको छ। साथै सम्पत्ति र पारिवारिक मामिलामा दम्पतिको समान हकको व्यवस्था भएको छ। साथै नेपालको संविधानको धारा ३१ मा शिक्षा सम्बन्धी हकको व्यवस्था भएको छ जसमा प्रत्येक नागरिक (अपाङ्गता भएका र आर्थिक रूपमा विपन्न सहित) लाई शिक्षाको पहुँचमा समान हकको सुनिश्चित गरिएको छ। संविधानको धारा ३२ मा भाषा र संस्कृतिको हकको व्यवस्था गरिएको छ जसमा प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, साँस्कृतिक सभ्यता र सम्पदाको संरक्षण र सम्बर्द्धन गर्ने अधिकारको सुनिश्चित गरिएको छ। साथै धारा ३३ मा समान रोजगारीको हक, धारा ३४ मा उचित श्रम अभ्यासको हक जसमा उचित पारिश्रमिक सुविधा र योगदानको सुनिश्चितता, धारा ३५ मा स्वास्थ्य सम्बन्धी समान हक, धारा ३९ मा बालबालिकाको हक, धारा ४० मा दलितको हक, धारा ४१ मा जेष्ठ नागरिकको हक, धारा ४२ मा सामाजिक

न्यायको हक र धारा ४३ मा सामाजिक सुरक्षाको हकको व्यवस्था गरिएको छ। यी धाराहरू विशेष गरी लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्वेदनशील रहेका छन्।

यसकारण नेपालको सन्दर्भमा लैङ्गिक समानता र सामाजिक समावेशीकरण (लैससास) को मुद्दा बहुआयमिक मानी सबै सरकारी तथा गैरसरकारी क्षेत्रहरूमा अनिवार्य पालना गर्नु पर्ने कानुनी व्यवस्था छ। यसको कार्यान्वयन जनस्तरमा अझै कमजोर रहेको पाइएकोले राष्ट्रिय ऐन नियमहरू तथा अन्तर्राष्ट्रिय महासन्धि र अभ्यासहरूको आधारमा लैससास अभियानमा व्यापकता ल्याउने जमर्को भैरहेको छ। यसलाई स्थानीय तहहरूबाटै कार्यान्वयन गर्ने पहल तत्कालीन स्थानीय विकास मन्त्रालयले लैससास कार्यान्वयन गर्दै आएको थियो। लैङ्गिक समानता तथा सामाजिक समावेशी नीति तथा कार्यक्रमहरूलाई प्रभावकारी ढङ्गबाट सञ्चालन गर्न लैङ्गिक समानता तथा सामाजिक समावशीकरण नीति कार्यान्वयनको लागि तयार भएको स्थानीय तह लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट तर्जुमा तथा परीक्षण निर्देशिका कार्यान्वयन भएको थियो।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को गाउँपालिका/नगरपालिकाको काम, कर्तव्य र अधिकारमा लैससास सम्बन्धी व्यवस्था रहेको छ। त्यस्तै वडा समितिको काम, कर्तव्य र अधिकार अन्तर्गत वडामा आर्थिक तथा समाजिकरूपमा अल्पसंख्यक, सीमान्तकृत समुदायको अभिलेख राखी सामाजिक र आर्थिक उत्थान सम्बन्धी काम गर्ने विभिन्न समुदायबीचमा सामाजिक सद्भाव र सौहार्दता कायम गर्ने, बालविवाह, बहुविवाह, लैङ्गिक हिंसा, छुवाछुत, दाइजो, हलिया प्रथा, छाउपडी कमलरी प्रथा, बालश्रम, मानव बेचबिखनजस्ता समाजिक कुरीति र अन्धविश्वासको अन्त्य गर्ने गराउने व्यवस्था गरेको छ। साथै स्थानीय तहको योजना तर्जुमा तथा कार्यान्वयन गर्दा महिला तथा पिछाडिएको वर्गको सहभागिता गराउने र योजना छनौटमा महिला, बालबालिका, जेष्ठ नागरिक, पिछाडिएको वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने कार्यक्रमलाई छनौट गर्ने, बजेट विनियोजन र कार्यान्वयनमा जोड दिएको छ।

## १.३ लैससास परीक्षणका उद्देश्यहरू

स्थानीय तहहरूमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणको मुख्य उद्देश्य नै स्थानीय तहहरूमा लैङ्गिक तथा अन्य सामाजिक मान्यताको आधारमा हुने विभेदहरूको अन्त्य गरी राज्यले उपलब्ध गराउने सेवा सुविधा र संरक्षणमा सबैको समान पहुँचको अवस्थालाई परिक्षण गरी समतामूलक नीति कार्यक्रम, बजेट लागू गर्ने कार्यमा सुझावहरू उपलब्ध गराउने हो। यसको बिशिष्ट उद्देश्यहरू देहाय अनुसार रहेका छन् :

क) लैङ्गिक समानता तथा समाजिक समावेशीकरण परीक्षण मार्फत् पालिकाको नीति, कानून, संस्थागत संरचना, जनशक्ति र क्षमता विकास कार्य, योजना तर्जुमा र कार्यक्रमहरूमा महिला र सामाजिक रूपमा वञ्चितिकरणमा परेका व्यक्ति र समुदायहरूको मूलप्रवाहिकरण र सशक्तिकरणको अवस्था मापन गर्ने।

ख) स्थानीय तहको समग्र क्रियाकलापहरूमा लैङ्गिक समानता तथा समाजिक समावेशीकरणको अवस्था मापन गरी सबल र सुधार गर्नु पर्ने पक्षहरू तथा अवसर र चुनौतिहरूको पहिचान गर्ने।

ग) सुधार गर्नु पर्ने पक्षहरूको पहिचान पश्चात् सोको कार्यान्वयनको लागि कार्ययोजना तयार गर्ने।

घ) पालिकाले सम्पादन गर्ने सबै क्रियाकलापहरूमा लैससास सम्वेदनशील कार्यान्वयनलाई संस्थागत गर्दै लैजान आधारहरू प्रस्तुत गर्ने।

# भाग-२ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणका विधि

## २.१ लैससास परीक्षणले समेट्ने क्षेत्रहरू

विगतमा नेपाल सरकार, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले जारी गरेको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति तथा स्थानीय निकाय लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट तर्जुमा एवम् परीक्षण निर्देशिका मा भएको व्यवस्था अनुसार तत्कालिन जिल्ला विकास समिति र नगरपालिकामा भएका सम्पूर्ण नीति, कार्यक्रम तथा बजेट विनियोजन तथा कार्यान्वयनको क्रममा गरिएका प्रयासहरूको लैङ्गिक तथा सामाजिक समावेशी आँखाबाट परीक्षण गरी आगामी आर्थिक वर्षमा चाल्नु पर्ने कदमहरूको पहिचान गरिन्थ्यो। नेपालमा संघीय व्यवस्था लागू भए पश्चात् संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट जारी भएको स्थानीय तह लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यविधिका अनुसार लैससास परीक्षणमा स्थानीय सरकारको नीति, कानून र योजना तर्जुमा प्रक्रियादेखि संस्थागत व्यवस्था, जनशक्ति र सेवा प्रवाहसम्मका पाँचबाट मूल विषयवस्तुहरू तोकिएको छ। यो कार्यविधि हरेक गाउपालिका र नगरपालिकाहरूले स्थानीयस्तरमा आफ्नो अनुकुल हुने गरी केही व्यवस्थाहरू हेरफेर गरेर पारित गरी लागू गर्न सक्नेछ। केही स्थानीय सरकारहरूले यो कार्यविधि लागू गरिसकेको अवस्था छ। हालको अवस्थामा यस पालिकामा मुख्यतः लैससास परीक्षणमा देहायका पाँच मूल विषयहरू वा क्षेत्रहरू समेटिएका छन्:

क) नीति कानून र योजना,

ख) संस्थागत व्यवस्था,

ग) मानव संसाधन र क्षमता विकास,

घ) सेवा प्रवाह र

ङ) सुशासन तथा उत्तरदायित्व।

## २.२ लैससास परीक्षणको विधि र तरीका

स्थानीय तह लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यविधिका अनुसार स्थानीय सरकारहरूको लैससास परीक्षण हरेक आर्थिक वर्ष नियमित रूपमा गर्ने र सोही अनुसार स्थानीय तहको नीति योजना तथा बजेट तर्जुमाको तहबाट लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण विकासका कार्यक्रमहरू कार्यान्वयन गर्ने अभिप्राय हो। यो परीक्षण कार्य केही सहभागितामूलक र केही अंश लेखापरीक्षण तथा अनुसन्धानमूलक विधिबाट सम्पादन गरिएको छ।

यस पालिकाको लैससास परीक्षणको लागि ५ वटा विषयगत लैससास परीक्षण कार्य-समूहहरू तयार गरियो। यी कार्य-समूहहरूमा निर्वाचित जनप्रतिनिधिहरू तथा कर्मचारीको संलग्नता रहेको थियो। जसमा महिला र पुरुषहरूको सहभागितालाई पनि उपलब्ध भएसम्म समावेशी बनाइएको थियो। उक्त कार्य-समूहहरूको संयोजकत्व निर्वाचित पदाधिकारीहरूले गर्नु भएको थियो। ती कार्य समूहहरू देहायका परीक्षण विधिहरूको उपयोग गरेको थियो।

### २.२.१ दस्तावेज समीक्षा

लैससास परीक्षण कार्यदलले पालिकाको दस्तावेजहरू (जस्तैः स्थानीय नीति, ऐन, निर्देशिका, वार्षिक योजना तथा बजेट, आवधिक योजना, वार्षिक प्रतिवेदनहरू, आर्थिक प्रतिवेदनहरू, चौमासिक र वार्षिक समीक्षाको प्रतिवेदन,

विकास बुलेटिन, नगर प्रोफाइल, विभिन्न समयमा भएका निर्णयहरू आदिको सङ्कलन र लैससासको दृष्टिबाट विश्लेषण र पुनरावलोकन गरी प्रारम्भिक टिपोट तयार गरिएको थियो।

यसका अलावा लैससास स्वपरीक्षण पश्चात् प्राप्त भएका अङ्कहरूको पुनर्पुष्टि गर्नका लागि आवश्यक पर्ने अभिलेख तथा भौतिक प्रमाणहरूको पुनरावलोकन समेत गरी प्रदान गरिएका अङ्क तथा कार्ययोजनाहरूलाई सामान्य परिमार्जन समेत गरिएको थियो।

### २.२.२ लक्षित समूह छलफल

लैससास परीक्षणको क्रममा पालिकाका महिला समूहका सदस्यहरू, दलित समुदाय, आदिबासी जनजाति समुदाय र अन्य वञ्चितिकरणमा परेका समुदायका प्रतिनिधिहरूसँग लक्षित समूह छलफल गरिएको थियो। यसको लागि लैससास कार्यान्वयन सम्बन्धी प्रश्नावली तयार गरी छलफल गरिएको थियो।

### २.२.३ परीक्षण कार्यशाला

यो गोष्ठी २ दिनको आयोजना गरिएको थियो। यस कार्यशाला पालिकाका निर्वाचित पदाधिकारीहरू, प्रमुख प्रशासकीय अधिकृत लगायत सबै विषयगत शाखाका कर्मचारीहरू र सरोकारवालाहरूको सहभागितामा सञ्चालन गरिएको थियो। यसको सहजीकरण परामर्शदाताहरूबाट गरिएको थियो।

**लैससास परीक्षण कार्यशालाका सहभागीहरू**

पालिकाको लैससास परीक्षण कार्यमा देहायका पदाधिकारी, कर्मचारी र सरोकारवालाहरू सहभागी भएका थिए। लैससास परीक्षण कार्यक्रममा जम्मा ५२ जना सम्बन्धित पदाधिकारीहरूको सहभागिता रहेको थियो।

***तालिका 1 : स्थानीय तहमा लैससास परीक्षणका सहभागीहरू***

| क्र.सं. | सहभागीहरू |
|---|---|
| १ | नगरपालिका प्रमुख |
| २ | नगरपालिका उपप्रमुख |
| ३ | प्रमुख प्रशासकीय अधिकृत |
| ४ | वडा अध्यक्षहरू |
| ५ | कार्यपालिकाका सदस्यहरू |
| ६ | दलित, अल्पसंख्यक र जनजाति जनप्रतिनिधिहरू |
| ७ | विषयगत शाखाका प्रमुख तथा सम्पर्क व्यक्तिहरू |
| ८ | विषयगत क्षेत्र तथा लक्षित वर्गका कर्मचारीहरू |

*पुनश्चः लैससास परीक्षणमा भएका सहभागीहरू अनुसूचि–२ मा संलग्न गरिएको छ।*

**गोष्ठी सञ्चालन विधि**

स्थानीय तह लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यविधिका अनुसार पाँचवटा मूल विषयहरूभित्र विभिन्न २२ वटा सहायक विषयहरू समावेश गरिएको छ। यसभित्र १०० वटा कार्यगत उपसूचकहरू तोकिएका छन्। यिनै सूचक तथा उपसूचकहरूको दायरामा रही लैससास परीक्षण गोष्ठी सञ्चालन गरिएको थियो। गोष्ठीको पहिलो दिन गोष्ठीको उद्घघाटन, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) को अवधारणा, संविधान, राष्ट्रिय नीति तथा अन्य प्रावधानहरू, लैससास परीक्षण सम्बन्धी व्यवस्था आदिमा अभिमुखीकरण गरियो। कार्यशाला गोष्ठीमा पाँचवटा मूल विषयहरूको आधारमा ५ वटा लैससास विषयगत परीक्षण कार्य-समूह गठन गरियो। यी लैससास विषयगत परीक्षण कार्य-समूहहरूले विषयगतरूपमा सूचक र उपसूचकहरू माथि समूहगतरूपमै छलफल गरी नीतिगत व्यवस्था, संरचना, योजना तर्जुमादेखि कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन, अभ्यास र प्रभावसम्मको अवस्थालाई विश्लेषण गरी अङ्क दिने कार्य गरियो। लैससास सूचक तथा उपसूचकहरूमा सहभागितात्मक छलफल गरी राम्रो देखिएमा १ - एक, मध्यम देखिएमा ०.५ – दशमलव पाँच र सुधार गर्नुपर्ने देखिएमा वा नभएमा ० – शूण्य अङ्कहरू दिइयो।

यसरी दिइएको अङ्कलाई प्रथम मस्यौदाको रूपमा लिई परीक्षणको दोस्रो दिन परीक्षण कार्य समूहहरूले पालिकाको सम्बन्धित शाखाहरूमा सम्बन्धित दस्तावेजहरूको अवलोकन वा परीक्षण गरेका थिए। यस क्रममा परामर्शदाताहरूद्वारा सबै समूहहरूलाई आवश्यक सहजीकरण र सहयोग गरिएको थियो। यस क्रममा गोष्ठीको सहभागितामूलक परीक्षणबाट दिइएको अङ्कहरू थपघट भएका थिए। उक्त समूहहरूले आफ्नो विषय क्षेत्रमा रहेका सबल र कमजोर पक्षहरू तथा अवसर र चुनौतिहरूको पनि खोजी गरेका थिए।

परीक्षण गोष्ठीको तेस्रो दिन नगरप्रमुख तथा उपप्रमुख समेतको उपस्थितिमा सबै सहभागीहरूले परीक्षणको क्रममा प्राप्त भएको अङ्कहरू माथि परामर्शदाताहरूबाट पुनः छलफल र मूल्याङ्कन गरिएको थियो। त्यस पश्चात् समूहगतरूपमा सबै कार्य समूहहरूले परीक्षण गरेको नतिजाहरू प्रस्तुत गरिएको थियो। यिनै अङ्कहरूको आधारमा माकुरे जालो तथा स्तम्भचित्र प्रस्तुतिकरणको विधिबाट पालिकामा रहेको लैससास कार्यान्वयनको स्थिति प्रस्तुत गरिएको थियो। सबल र कमजोर पक्षहरू तथा अवसर र चुनौतिहरू समेत प्रस्तुत गरिएको थियो।

***तालिका 2: स्थानीय तहमा लैससास परीक्षणको समय तालिका***

| क्र.सं. | विषयवस्तु | Topics | जिम्मेवारी | कैफियत |
|---|---|---|---|---|
| **पहिलो दिन २०८२/०३/१६** | | | | |
| १ | सहभागी आगमन, दर्ता तथा स्वागत | Arrivals, Registration and Welcome | **आयोजक** | |
| २ | उद्घाटन सत्र | Inagural Session | **आयोजक** | |
| ३ | परिचय तथा उद्देश्य माथि प्रकाश | Introduction and Sharing the Objectives | **सहजकर्ता**/Bhagawati Madam | |
| ४ | लैससास परीक्षणका उद्देश्य तथा विधिहरू | Objectives of GESI Audit and Methods | **सहजकर्ता**/Navin Chandra Ghimire | |
| ५ | लैससास उत्तरदायी नीति, कार्यक्रम तथा बजेटका पक्षहरू | GESI Responsiveness Policies, Programs and Budgets | **सहजकर्ता**/Rupa Sitaula | |
| ६ | लैससास सूचकहरूका बारेमा जानकारी | Sharing of GESI Indicators | **सहजकर्ता**/ Rupa Sitaula | |

| | | | | |
|---|---|---|---|---|
| ७ | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यदल तथा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्य-समूहहरू गठन तथा समूहगत अभिमुखीकरण | Team formation for GESI Audit Group work | **सहजकर्ता** (Navin Chandra Ghimire) **/सहभागीहरू** | **Practical Session** |
| **दोस्रो दिन २०८२/०३/१७** | | | | |
| १ | अघिल्लो दिनको समीक्षा | Review of the previous day | आयोजक | |
| २ | अन्तर्समावेशिता अभ्यास र आँकडा | Intersectionality in practice and figures | सहजकर्ता/ Rupa Sitaula | |
| ३ | लैससास सूचक परीक्षण (समूहगत कार्य) तथा समूहगत अभिमुखीकरण | Indicator Based GESI Audit (Practical – Group Work) | सहजकर्ता (NCG-RS)/ सहभागीहरू | **2 hrs.** |
| ४ | लैससास सूचक परीक्षण तथा कार्ययोजना प्रस्तुतिकरण तथा समूहगत अभिमुखीकरण | Group Presentation of Preliminary report of GESI Audit | सहजकर्ता (Rupa Sitaula) / सहभागीहरू (बढीमा १५ मिनेट) | |
| ५ | लैससास सूचक प्राप्ताङ्क समीक्षा | Sharing of Consolidated Result Based on GESI Audit (Prelimanary) | सहजकर्ता (Navin Chandra Ghimire) | |

## लैससास परीक्षणका विषय क्षेत्रहरू र अङ्क भार

स्थानीय तह लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यविधिका अनुसार कुल परीक्षण अङ्क भार १०० र तोकिएका ५ मूल विषयक्षेत्रलाई हरेकको २० पूर्णाङ्क कायम गरिएको छ। जसमा राम्रो प्रगति भएको देखिएमा १, मध्यम या आंशिक कार्य भएको देखिएमा ०.५ र न्यून कार्य भएको वा नभएको अवस्था भएमा ० अङ्क प्रदान गरिएको छ। गोष्ठीको दोस्रो दिन परीक्षणको नतिजालाई माकुरे जालो तथा स्तम्भचित्रमा प्रस्तुत पश्चात् लैससासको विषयक्षेत्रहरू मध्ये बढी अङ्क प्राप्त गर्ने क्षेत्रमा सबल अवस्था देखिन्छ र त्यस क्षेत्रमा बढी सूचकहरूमा काम भएको प्रष्ट हुन्छ। साथै कम अङ्क प्राप्त गरेका क्षेत्रहरूमा कमजोर पक्षहरू वा सुधार गर्नु पर्ने क्षेत्रहरू पहिचान हुन्छ। सूचक र उपसूचकहरूको विश्लेषण गरी सबल र कमजोर पक्षहरू पहिचान गर्ने कार्य भएको छ।

अवसर र चुनौतिहरूको हकमा परीक्षणका विषय क्षेत्रहरूको आधारमा पालिकामा भएको अवसरहरू र चुनौतिहरूको बारेमा समूहगत सङ्कलन गरेका तथ्यहरूलाई प्रस्तुतिकरण र छलफल गरिएको थियो। यसमा सहभागीहले समेत आवश्यक सुझावहरू पेश गरेका थिए। कार्ययोजना तयारी लैससास परीक्षणको क्रममा विषयगत परीक्षण कार्य समूहले उनीहरूको विषयक्षेत्रमा रहेका सबल र सुधार गर्नुपर्ने पक्षहरूको पहिचान गरी पालिकामा भएको हालका अवसर र चुनौतिहरूलाई मध्यनजर गरी आ-आफ्नो विषय क्षेत्रमा आगामी कार्ययोजना तयार गरेको थिए। उक्त कार्ययोजना माथि गोष्ठीका सबै सहभागीहरूको उपस्थितिमा छलफल र परिमार्जन समेत गरिएको थियो।

## लैससासका दृष्टिले वनेपा नगरपालिकाद्वारा जारी गरिएका कानूनहरूको प्रकृति क्षेत्रहरू र अङ्क भार

वनेपा नगरपालिकाले स्थानीय शासनको कार्यान्वयनका क्रममा लैङ्गिक तथा सामाजिक समावेशीकरणलाई सम्बोधन गर्ने उद्देश्यले विभिन्न प्रकारका कानूनहरू जारी गर्दै आएको पाइन्छ। यी कानूनहरूलाई तिनको लैससास प्रभावका आधारमा निर्दिष्ट, सहयोगी र तटस्थ गरी तीन श्रेणीमा वर्गीकृत गर्न सकिन्छ।

उपलब्ध तथ्याङ्कअनुसार, वनेपा नगरपालिकाले जम्मा ४८ वटा कानून जारी गरेकोमा १९ वटा (३९.५८%) कानूनहरू 'निर्दिष्ट' प्रकृतिका छन्, जसमा लैङ्गिक तथा सामाजिक समावेशी समूहहरूको हकहितलाई प्रत्यक्ष रूपमा सम्बोधन गरिएको छ। यस्ता कानूनहरू समावेशी नीति निर्माण र कार्यान्वयनमा स्पष्ट प्रतिबद्धता दर्शाउने खालका हुन्छन्।
त्यसैगरी, २० वटा (४१.६७%) कानूनहरू 'सहयोगी' प्रकृतिका रहेका छन्, जसले समावेशी अभ्यासलाई प्रोत्साहन गर्ने वातावरण तयार पार्छन्। यस्ता कानूनहरूले प्रत्यक्ष रूपमा लक्षित समूहको उल्लेख नगरे पनि तिनीहरूको हितमा अनुकूल प्रभाव पार्छन्। बाँकी ९ वटा (१८.७५%) कानूनहरू 'तटस्थ' श्रेणीमा पर्दछन्, जसमा लैङ्गिक वा सामाजिक समावेशी पक्षलाई प्रत्यक्ष रूपमा समेटिएको पाइँदैन।
यो विश्लेषणबाट वनेपा नगरपालिकाले लैससासप्रति केही हदसम्म संवेदनशीलता देखाएको भए पनि अझ प्रभावकारी रूपमा समावेशी नीति निर्माण गर्नुपर्ने आवश्यकता रहेको देखाउँछ। आगामी दिनहरूमा निर्दिष्ट कानूनहरूको अनुपात वृद्धि गर्दै तटस्थ कानूनहरूलाई पुनरावलोकन गरी समावेशी बनाउनु वाञ्छनीय देखिन्छ।

***तालिका 3: कानूनहरूको प्रकृति क्षेत्रहरू र अङ्क भार***

| कानूनको प्रकृति | संख्या | प्रतिशत |
|---|---|---|
| निर्दिष्ट | १९ | ३९.५८ |
| सहयोगी | २० | ४१.६७ |
| तटस्थ | ९ | १८.७५ |
| जम्मा | ४८ | १०० |

# भाग-३ लैससास परीक्षणबाट आएका मुख्य प्राप्तिहरू

## ३.१ लैससास परीक्षणबाट प्राप्ताङ्कहरूको प्रस्तुतिकरण

यस नगरपालिकाको स्थानीय नीति, ऐन, निर्देशिका र विभिन्न नीतिगत निर्णयहरू, आवधिक तथा वार्षिक कार्यक्रम र बजेट, कार्यान्वयनका पक्षहरू समेतलाई लैङ्गिक समानता तथा समाजिक समावेशीकरणको दृष्टिले सहभागितामूलक परीक्षण गर्दा देहाय अनुसारको नतिजा प्राप्त भएको छः

***तालिका 4: लैससास परीक्षणमा प्राप्त अङ्कहरूको विवरण***

| क्रसं | सूचक तथा उपसूचकहरू | प्राप्ताङ्क |
|---|---|---|
| **१** | **नीति, कानुन र योजना** | **१७.०** |
| १.१ | नीति, कानुन र योजनामा समावेशी सहभागिता | ६.५ |
| १.२ | योजना तर्जुमा तथा कार्यान्वयन | ८.० |
| १.३ | बजेट तर्जुमा तथा कार्यान्वयन | २.५ |
| **२** | **संस्थागत व्यवस्था** | **१७.०** |
| २.१ | कर्मचारी/पदाधिकारी प्रतिनिधित्व | २.५ |
| २.२ | कार्यप्रणाली समावेशी | ४.० |
| २.३ | समिति उपसमिति र कार्यदलमा प्रतिनिधित्व | ४.० |
| २.४ | बित्त व्यवस्थापन प्रणालीमा समावेशीता | ३.५ |
| २.५ | तथ्याङ्क संकलन तथा व्यवस्थापन | ३.० |
| **३** | **मानव संसाधन तथा क्षमता विकास** | **१७.०** |
| ३.१ | मानव संसाधन तथा क्षमता विकास | ८.० |
| ३.२ | अनौपचारिक मूल्य मान्यता र कुसँस्कार सम्बन्धि जनचेतना | २.५ |
| ३.३ | कानुनी साक्षरता | ३.५ |
| ३.४ | विपद व्यवस्थापनमा समावेशीकरण | ३.० |
| **४** | **सेवा प्रवाह** | **१९.५** |
| ४.१ | पूर्वाधार विकास | ३.५ |
| ४.२ | प्रजनन स्वास्थ्य | ४.० |
| ४.३ | शिक्षा कार्यक्रम | ४.० |
| ४.४ | खानेपानी तथा सरसफाई | ४.० |
| ४.५ | स्वरोजगार र आयआर्जन तथा बजार व्यवस्थापन | ४.० |
| **५** | **सुशासन तथा उत्तरदायित्व** | **१९.५** |
| ५.१ | सुशासन | ४.० |
| ५.२ | उत्तरदायित्व र जवाफदेहिता | ३.५ |
| ५.३ | सूचना तथा सञ्चार | ४.० |

| | | |
|---|---|---|
| ५.४ | अनुगमन र मूल्यांकन | ४.० |
| ५.५ | समन्वय र सम्बन्ध बिस्तार | ४.० |
| | **कूल जम्मा** | **९०.०** |

## ३.२ लैससास परीक्षण नतिजाको माकुरे जालो तथा स्तम्भ चित्रमा प्रस्तुतिकरण

**चित्र 1 माकुरे जालोमा प्रस्तुतिकरण**




**चित्र 2 स्तम्भचित्रमा प्रस्तुतिकरण**



## ३.३ लैससास नतिजाको त्रिवर्षीय प्रवृत्ति विश्लेषणः

वनेपा नगरपालिकाले हालसम्म तीनवटा आर्थिक वर्षहरू क्रमशः २०७८/०७९, २०७९/०८० र ०८०/०८१ को लैससास परीक्षण कार्य सम्पन्न गरिसकेको छ। अघिल्लो आर्थिक वर्षमा लैससास संवेदनशीलता सूचकको आधारमा यस वनेपा नगरपालिका बागमती प्रदेशमा १० अङ्क नतिजाका साथ प्रथम स्थानमा रहेको थियो।

तालिका नं ४ र चित्र नं ३ मा लैससास परीक्षणको तीन वर्षको प्रवृत्तिलाई तालिका तथा चित्रमा प्रस्तुत गरिएको छ। प्रस्तुत गरिएको आँकडा अनुसार तीन आर्थिक वर्षको तुलनात्मक विश्लेषण गर्दा देखिन्छ कि अधिकांश सूचकहरूमा क्रमशः उल्लेखनीय सुधार भएको छ। नीति, कानुन र योजना सम्बन्धी सूचकमा २०७८/०७९ मा ७७.५ अंकबाट सुरु भएर २०७९/०८० मा ८२.५ सम्म पुगेको र अन्ततः ०८०/०८१ मा ८५ अंक प्राप्त गरेको देखिन्छ, जसले नीतिगत संरचना तथा योजना निर्माणमा पूर्णता हासिल भएको तर्फ इङ्गित गर्छ। संस्थागत व्यवस्था को सूचक २०७८/०७९ र २०७९/०८० दुवै वर्षमा ७७.५ मा स्थिर रहेको भए पनि ०८०/०८१ मा एकैचोटि ८५ मा उक्लिएको छ, जसले संस्थागत सुदृढीकरण र संरचनात्मक सुधारमा उल्लेखनीय प्रगति भएको देखाउँछ। मानव संसाधन तथा क्षमता विकास क्षेत्रमा सुरुवाती वर्षमा मात्र ५५ अंक रहेकोमा २०७९/०८० मा ८२.५ अंकमा सुधार भएको छ र ०८०/०८१ मा अझ प्रगति गर्दै ८५ पुगेको छ। यसले देखाउँछ कि जनशक्ति अभिवृद्धि र तालीममा निरन्तर ध्यान दिइएको छ। सेवा प्रवाह मा पनि क्रमशः सुधार देखिन्छ—८०.० बाट ८५.० हुँदै ९७.५ मा पुगेको छ। यसले नागरिकलाई प्रदान गरिने सेवाको गुणस्तर र प्रभावकारितामा सुधार भएको जनाउँछ। सुशासन तथा उत्तरदायित्व को सूचक २०७८/०७९ मा ९० अंकमा रहेकोमा २०७९/०८० मा केही घटेर ८२.५ मा झरेको भए पनि अन्तिम वर्षमा ९७.५ अंकमा पुगेको छ, जसले पारदर्शिता, जवाफदेहिता र उत्तरदायित्वमा उच्च सुधार भएको तर्फ इङ्गित गर्छ। जम्मा सूचकको औसत मूल्य २०७८/०७९ मा ७६.० बाट सुरु भई २०७९/०८० मा ८२.० सम्म पुगेको र ०८०/०८१ मा ९०.० मा पुगेर सन्तोषजनक स्तरमा पुगेको देखिन्छ। यसबाट मूल्यांकन गरिएका सबै क्षेत्रहरूमा चरणबद्ध रूपमा उल्लेखनीय सुधार भएको बुझ्न सकिन्छ, जसले समग्र प्रणालीको कार्यक्षमता, पारदर्शिता, र प्रभावकारितामा सकारात्मक परिवर्तन आएको तर्फ इङ्गित गर्दछ।

***तालिका 3: लैससास परीक्षणको तीन वर्षको प्रवृत्ति***

| सूचकहरू | २०७८/०७९ | २०७९/०८० | ०८०/०८१ |
|---|---|---|---|
| नीति, कानुन र योजना | ७७.५ | ८२.५ | ८५.० |
| संस्थागत व्यवस्था | ७७.५ | ७७.५ | ८५.० |
| मानव संसाधन तथा क्षमता विकास | ५५.० | ८२.५ | ८५.० |
| सेवा प्रवाह | ८०.० | ८५.० | ९७.५ |
| सुशासन तथा उत्तरदायित्व | ९०.० | ८२.५ | ९७.५ |
| **जम्मा** | **७६.०** | **८२.०** | **९०.०** |

***चित्र 3: लैससास परीक्षणको तीन  वर्षको प्रवृत्ति स्तम्भ चित्रमा प्रस्तुतिकरण***



### ३.४ लैससास परीक्षणमा प्राप्त सबलता र सुधार गर्नुपर्ने पक्षहरू

यस पालिकाको लैससास कार्यान्वयनको अवस्थालाई निर्देशिकाले तोकेका २२ वटा सूचकहरू र जस अन्तर्गतका १०० वटा उपसूचकहरूमा आधारित रही परीक्षण गरिएको थियो । पालिकामा लैससास कार्यान्वयनमा भएको पहललाई कार्यहरू र प्रमाणहरूको आधारमा तीन किसिमको अवस्थामा विभाजन गरिएको छ । राम्रो अवस्था भएमा ‘सबल' आंशिक कार्य भएको भएमा 'आंशिक' र कमजोर अवस्था भएमा ‘कमजोर' भनी वर्गीकरण गरिएको छ जसबाट सबललाई निरन्तरता दिने, आंशिक र कमजोर रहेका सूचक उपसूचकहरूमा नीतिगत र कार्यगत सुधारका कार्यक्रम कार्यान्वयन गर्ने जिम्मेवारी नगरपालिकाको काँधमा रहेको देखिन्छ । यस पालिकाको लैससास परीक्षणको विषय क्षेत्रहरूका सूचक तथा उपसूचकहरूको अवस्था र सुधार गर्नु पर्ने पक्षहरू देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

## तालिका 4: लैससास परीक्षणबाट प्राप्त सबलता र गर्नुपर्ने कार्यहरू

**परीक्षण अङ्क: राम्रो = १, ठीकै = ०.५ र कमजोर = ०**

| क्रसं | सूचक तथा उपसूचकहरू | प्राप्ताङ्क | सबल/ आंशिक/कमजोर | गर्नुपर्ने कार्य |
|---|---|---|---|---|
| १ | **नीति, कानुन र योजना** | | | |
| १.१ | **नीति, कानुन र योजनामा समावेशी सहभागिता** | | | |
| १.१.१ | स्थानीय तहको नीति तथा कानुनको मस्यौदा तयार गर्ने कार्यदिशामा लैससासको दृष्टिले सम्पादन गर्ने गरी कार्यटोली निर्माण, पूर्व दस्तावेजको समिक्षा गर्दा लैससास दृष्टिकोणले भएको, मस्यौदाको विषयबस्तु र शब्द चयन समावेशी र सहभागितामूलक हुने गरी गरेको/नगरेको | ०.५ | **आंशिक** | नगरपालिकाको नीति तथा कानूनको मस्यौदा तयार गर्ने कार्यदिशामा लैससासको दृष्टिले सम्पादन गर्ने गरी कार्यटोली निर्माण, पूर्व दस्तावेजको समिक्षा गर्दा लैससास दृष्टिकोणले भएको, मस्यौदाको विषयवस्तु र शब्द चयन समावेशी र सहभागितामूलक हुने गरी थप र निरन्तररूपमा कार्य गर्नुपर्ने । |
| १.१.२ | स्थानीय सरकारले आफ्नो नीति कानुन योजना जारी गर्नु भन्दा अगाडि लैससासको दृष्टिकोणले उपयुक्त भए नभएको बारे लेखाजोखा गर्ने गरेको / नगरेको | ०.५ | **आंशिक** | नगरपालिकाले आफ्नो नीति कानून योजना जारी गर्नु भन्दा अगाडि लैससासको दृष्टिकोणले उपयुक्त भए नभएको बारे लेखाजोखा गर्ने नगरेकोले अबदेखि पूर्व लेखाजोखा गर्नुपर्ने । |
| १.१.३ | स्थानीय सरकारको नीति र योजनामा लैससास विकास (स्थानीय कानुन, नीति, आवधिक र वार्षिक योजनामा भएका नीतिहरु) सम्बन्धी विषयहरु समावेश भएको/नभएको । | १.० | **सबल** | नगरपालिकाको नीति र योजनामा लैससास विकास (स्थानीय कानून, नीति, आवधिक र वार्षिक योजनामा भएका नीतिहरू) सम्बन्धी विषयहरू समावेश भएकोले निरन्तर कायम राख्नुपर्ने |
| १.१.४ | स्थानीय सरकारको महिला र पुरुषको समविकास तथा सामाजिक समावेशीकरण र लैंगिक परीक्षण तथा सामाजिक बिभेद अन्त्य गर्ने सम्बन्धि अलग्गै नीतिहरु छन/छैनन (स्थानीय ऐन, कानुन, कार्यविधि र निर्देशिकामा खास व्यवस्था गरिएको वा नगरिएको) । | १.० | **सबल** | नगरपालिकाको महिला र पुरुषको समविकास तथा सामाजिक समावेशीकरण र लैङ्गिक परीक्षण तथा सामाजिक विभेद अन्त्य गर्ने सम्बन्धी नीति भएता पनि कार्यान्वयनमा ल्यानाउनु पर्ने |
| १.१.५ | स्थानीय तहले कार्यान्वयनमा ल्याएका ऐन नियम तथा कार्यविधिमा महिला तथा वञ्चितिमा परेका समुदाय या लक्षित बर्गमा हुने सबै प्रकारका बिभेदजन्य कार्यहरु रोक्न पर्याप्त प्रावधान व्यवस्था गरिएको छ/छैन । | १.० | **सबल** | नगरपालिकाले कार्यान्वयनमा ल्याएका ऐन नियम तथा कार्यविधिमा महिला तथा वञ्चितिमा परेका समुदाय या लक्षित वर्गमा हुने सबै प्रकारका विभेदजन्य कार्यहरू रोक्न पर्याप्त प्रावधानका लागि निरन्तरता दिनुपर्ने |

| क्रसं | सूचक तथा उपसूचकहरू | प्राप्ताङ्क | सबल/ आंशिक/कमजोर | गर्नुपर्ने कार्य |
|---|---|---|---|---|
| १.१.६ | संघीय कानुनले व्यवस्था गरे बमोजिम स्थानीय स्तरमा महिला तथा वञ्चितिमा परेका समुदाय या लक्षित बर्ग माथि हुने हिंसा र बिभेद उपर सुनुवाई हुने प्रबन्ध मिलाए/नमिलाएको । | १.० | **सबल** | निरन्तरता दिनुपर्ने |
| १.१.७ | महिला र पुरुषमा श्रमको ज्यालामा बिभेद रोक्ने प्रावधान रहेको/नरहेको (समुदायको प्रचलन बिभेदकारी भएको/नभएको ।) | ०.५ | **आंशिक** | महिला र पुरुषमा श्रमको ज्यालामा बिभेद रोक्ने प्रावधान नरहेको भएतापनि कार्यान्वयनमा जोड दिनुपर्ने |
| १.१.८ | स्थानीय तहको नीतिमा रैथाने र आप्रवासी कामदार तथा श्रमजिवी उपर हुने बिभेद रोक्ने प्रावधान रहेको/नरहेको । | १.० | **सबल** | नगरपालिकाको नीतिमा रैथाने र आप्रवासी कामदार तथा श्रमजीवि उपर हुने विभेद रोक्ने नीतिगत प्रावधानलाई थप कार्यान्वयनका लागि निरन्तर कार्य गर्नुपर्ने |
| | **सहायक विषयगत जम्मा** | ६.५ | | |
| **१.२** | **योजना तर्जुमा तथा कार्यान्वयन** | | | |
| १.२.१ | आवधिक योजना र वार्षिक योजना तथा कार्यक्रममा लैंगिक तथा समावेशी विकासको लागि नीति रणनीति कार्यक्रम र मापनयोग्य उपलब्धी लक्ष्य समावेश गरिएको छ/छैन? | १.० | **सबल** | निरन्तरता दिनुपर्ने |
| १.२.२ | गाउँपालिका/नगरपालिकाको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले बजेट सिमा निर्धारण गर्दा महिला बालबालिका तथा वञ्चितिकरणमा परेका समुहको अवस्था बिश्लेषणको आधारमा सो समुहको लागि वा प्रत्यक्ष फाईदा पुग्ने गरी कुल पूजीगत बजेटको निश्चित प्रतिशत छुट्याउने गरेको/नगरेको? | १.० | **सबल** | गाउँपालिका/नगरपालिकाको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले बजेट सिमा निर्धारण गर्दा महिला बालबालिका तथा वञ्चितिकरणमा परेका समुहको अवस्था बिश्लेषणको आधारमा सो समुहको लागि वा प्रत्यक्ष फाईदा पुग्ने गरी कुल पूजीगत बजेटको निश्चित प्रतिशत छुट्याउनका लागि निरन्तरता दिनु पर्ने |
| १.२.३ | स्थानीय सरकारको योजना सूची लक्षित समुहहरुको सक्रीय सहभागितामा तयार हुने र उनीहरुले छनौट गरेको योजना प्राथमिकिकरणमा पर्ने गरेको/नगरेको (योजना तर्जुमा गर्दा गाउँ बस्तीस्तरवाट आएका योजना कार्यक्रमहरुलाई समेटेको/नसमेटेको परीक्षण गर्ने ।) | १.० | **सबल** | योजना सूची लक्षित समुहहरुको सक्रिय सहभागितामा तयार हुने र उनीहरुले छनौट गरेको योजना प्राथमिकता दिइएकोले निरन्तरता दिनुपर्ने |

| क्रसं | सूचक तथा उपसूचकहरू | प्राप्ताङ्क | सबल/ आंशिक/कमजोर | गर्नुपर्ने कार्य |
|---|---|---|---|---|
| १.२.४ | योजना तर्जुमा गर्दा महिला तथा वञ्चितिकरणमा परेका समुहहरुको व्यवहारिक र रणनीतिक आवश्यकता पहिचान र परिपूर्ति गर्ने विषयमा छलफल भए/नभएको? | १.० | **सबल** | निरन्तरता दिनुपर्ने |
| १.२.५ | योजना तर्जुमा गर्दा महिला र पुरुष एवं लक्षित समुहहरुको छुट्टाछुट्टै अवस्था बिश्लेषणको आधारमा आवश्यकता पहिचान गरी सो अनुसारको कार्यक्रम तय गर्ने गरिएको/नगरिएको (तयारी प्रतिवेदन)? | १.० | **सबल** | निरन्तरता दिनुपर्ने |
| १.२.६ | स्थानीय सरकारले दिगो विकासका लक्ष्यहरु बिशेष गरेर लक्ष्य ५ लैंगिक समानता प्राप्त गर्ने विषयलाई स्थानीयकरण गरी सो अनुसारको बजेट बिनियोजन हुने गरेको/नगरेको? | १.० | **सबल** | स्थानीय सरकारले दिगो विकासका लक्ष्यहरु बिशेष गरेर लक्ष्य ५ लैंगिक समानता प्राप्त गर्ने विषयलाई स्थानीयकरण गरी सो अनुसारको बजेट बिनियोजन गर्नुपर्ने |
| १.२.७ | स्थानीय तहको योजना महिला बालबालिका तथा पिछाडिएको बर्ग समुदाय र क्षेत्रलाई प्रत्यक्ष लाभ पुग्ने गरी बनेको/नबनेको? | १.० | **सबल** | निरन्तरता दिनुपर्ने |
| १.२.८ | स्थानीय सरकारका उपभोक्ता समितिहरुमा लक्षित समुहको प्रतिनिधि सहित कम्तिमा ४० प्रतिशत महिलाको सहभागिता भएको/नभएको र मुख्य कार्यकारी पद मध्ये कुनै एकमा जिम्मेवारी दिएको/नदिएको? | १.० | **सबल** | निरन्तरता दिनुपर्ने |
| | **सहायक विषयगत जम्मा** | ८.० | | |
| १.३ | बजेट तर्जुमा तथा कार्यान्वयन | | | |
| १.३.१ | बजेट तथा कार्यक्रम तर्जुमा गर्नु भन्दा अघि समुदायका महिला बालबालिका अपांग जनजाति मुस्लिम मधेशी पिछडावर्ग र दलित लगायतका सबै जातजाति र बिपन्न वर्गका समुहहरुसंग बसेर समस्या केलाउने (बिश्लेषण) गर्ने गरिएको/नगरिएको? | ०.५ | **आंशिक** | बजेट तथा कार्यक्रम तर्जुमा गर्नु भन्दा अघि समुदायका महिला बालबालिका अपाङ्ग जनजाति मुस्लिम मधेशी पिछडावर्ग र दलित लगायतका सबै जातजाति र विपन्न वर्गका समूहहरूसँग बसेर समस्या विश्लेषण गरिएकोले यसैलाई निरन्तता दिनुपर्ने |
| १.३.२ | स्थानीय सरकारका क्षमता विकास योजनामा लैंगिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट निर्माण एवं | ०.५ | **आंशिक** | स्थानीय सरकारका क्षमता विकास योजनामा लैंगिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट निर्माण एवं परीक्षण नियमितरुपमा गर्न बजेटको व्यवस्था गर्नुपर्ने |

| क्रसं | सूचक तथा उपसूचकहरू | प्राप्ताङ्क | सबल/ आंशिक/कमजोर | गर्नुपर्ने कार्य |
|---|---|---|---|---|
| | परीक्षण नियमितरुपमा गर्न बजेटको व्यवस्था गरिएको/नगरिएको? | | | |
| १.३.३ | परीक्षण पश्चात लैंगिक तथा समावेशी विषयमा सुधार गर्न क्षमता विकास कार्ययोजना कार्यान्वयनको लागि पर्याप्त बजेट तथा कार्यक्रम वार्षिक योजनामा समावेश गरिएको/नगरिएको? | ०.५ | **आंशिक** | परीक्षण पश्चात लैङ्गिक तथा समावेशी विषयमा सुधार गर्न क्षमता विकास कार्ययोजना कार्यान्वयनको लागि पर्याप्त बजेट तथा कार्यक्रम वार्षिक योजनामा समावेश गर्नुपर्ने । |
| १.३.४ | स्थानीय सरकारको बजेट तथा कार्यक्रममा लक्षित समूहहरुको लागि निश्चित प्रतिशत बजेट बिनियोजन गरी उनीहरुको हितमा कार्यक्रममा समयमै खर्च गरिएको/नगरिएको? (बजेट तथा कार्यक्रम बिच भिडान) | १.० | **सबल** | स्थानीय सरकारको बजेट तथा कार्यक्रममा लक्षित समूहहरुको लागि निश्चित प्रतिशत बजेट बिनियोजन गरी आवश्यक निरन्तर कार्य गर्नुपर्ने |
| | **सहायक विषयगत जम्मा** | २.५ | | |
| २ | **संस्थागत व्यवस्था** | | | |
| २.१ | कर्मचारी/पदाधिकारी प्रतिनिधित्व | | | |
| २.१.१ | स्थानीय सरकारको निर्णायक तह (कर्मचारी/पदाधिकारी) मा महिलाहरुको समानरुपमा (५०/५० प्रतिशत) प्रतिनिधित्व रहेको छ/छैन? | ०.५ | **आंशिक** | हाल नगरपालिकाको निर्णायक तह (कर्मचारी/पदाधिकारी) मा महिलाहरूको समानरूपमा (५०/५० प्रतिशत) प्रतिनिधित्व भएको भएता पनि यसलाई निरन्तर गराउन आवश्यक पहल गर्नुपर्ने |
| २.१.२ | स्थानीय सरकारका कर्मचारीहरुको पदपूर्तिको निर्णय गर्दा सबै जातजाति, वर्ग, लिंग र समुदायका बीच समावेशीकरण हुने गरी कर्मचारीहरुको समावेशी समानुपातिक प्रतिनिधित्व हुनसक्ने रणनीति लिएको छ/छैन? | ०.५ | **आंशिक** | स्थानीय सरकारका कर्मचारीहरुको पदपूर्तिको निर्णय गर्दा सबै जातजाति, वर्ग, लिंग र समुदायका बीच समावेशीकरण हुने गरी कर्मचारीहरुको समावेशी समानुपातिक प्रतिनिधित्व हुनसक्ने थप रणनीति लिनुपर्ने । |
| २.१.३ | स्थानीय सरकारले महिला तथा बिशेष समुदायलाई बिशेष सेवा प्रदान गर्दा सम्बन्धित समुदायको भाषा, संस्कृति र रहनसहन बुझेको कर्मचारी वा जनप्रतिनिधि समेत समावेश गरेको कार्यटोली वा शाखा मार्फत् दिने गरेको/नगरेको? | ०.५ | **आंशिक** | महिला तथा बिशेष समुदायलाई बिशेष सेवा प्रदान गर्दा सम्बन्धित समुदायको भाषा, संस्कृति र रहनसहन बुझेको कर्मचारी वा जनप्रतिनिधि समेत समावेश गरेको कार्यटोली वा शाखा मार्फत् निरन्तरता दिनुपर्ने |
| २.१.४ | जनप्रतिनिधिहरु तथा कर्मचारीहरुलाई कुनै क्षमता अभिबृद्धिको अवसर प्रदान गर्दा सबैलाई समान अवसर | १.० | **सबल** | जनप्रतिनिधिहरू तथा कर्मचारीहरूलाई कुनै क्षमता अभिबृद्धिको अवसर प्रदान गर्दा सबैलाई समान अवसर हुनेगरी र महिला र |

| क्रसं | सूचक तथा उपसूचकहरू | प्राप्ताङ्क | सबल/ आंशिक/कमजोर | गर्नुपर्ने कार्य |
|---|---|---|---|---|
| | हुनेगरी र महिला र वञ्चितिकरणमा परेका समुदायलाई अग्रभाग प्राप्त हुनेगरी सकारात्मक बिभेदको नीति लिएको/नलिएको? | | | वञ्चितिकरणमा परेका समुदायलाई अग्रभाग प्राप्त हुनेगरी सकारात्मक विभेदको नीतिलाई निरन्तरता लिनुपर्ने । |
| ३.१.१ | लैंगिक तथा समावेशी विकासको लागि क्षमता विकास कार्ययोजना तयार गरे नगरेको र छुट्टै शिर्षकमा बजेट बिनियोजन भए नभएको र यस्तो रकम खर्च कार्यबिधि स्वीकृत भई कार्यान्वयनमा आएको/नआएको? | महिला बालबालिका | नगर सभा | सबै शाखा र १४ वटा वडा | वार्षिक | | नपर्ने |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | ,कानुन,लेखा शाखा | | | | | |
| ३.१.२ | स्थानीय सरकारका पदाधिकारी/कर्मचारीहरुले लैंगिक तथा समावेशी विकास, लैंगिक हिंसा सम्बन्धी तालिम लिएका छन् वा छैनन् तालिम कार्यक्रममा लक्षित समुह तथा अन्य सबै महिला र पुरुषको समान सहभागिता र उपस्थिति सुनिश्चितता गरिएको/नगरिएको? | महिला बालबालिका शाखा | प्रमुख प्रशासकीय अधिकृत | सबै शाखा | वार्षिक | | नपर्ने |
| ३.१.३ | तालिमका विषयबस्तुको प्रस्तुतिकरणमा लैंगिक संवेदनशिल भाषाको प्रयोग र महिलाका आवश्यकता समेटिएको र तालिमको गुणस्तर सेवा सुबिधा सम्बन्धमा पृष्ठपोषण लिने गरिएको छ/छैन? | महिला बालबालिका शाखा | कार्यपालिका | सबै शाखा | वार्षिक | | नपर्ने |
| ३.१.४ | महिला तथा लक्षित समुहको पदाधिकारीहरुको क्षमता अभिबृद्धिका लागि निर्दिष्ट कार्यक्रमहरु (प्राविधिक तालिम, क्षमता विकास, नेतृत्व विकासको तालिम, भ्रमण) छन्/ छैनन्? सो अनुसारको बजेट बिनियोजन गरिएको छ/छैन? | महिला बालबालिका शाखा | प्रमुख प्रशासकीय अधिकृत | लेखा शाखा , महिला बालबालिका शाखा | वार्षिक | पर्ने | |
| ३.१.५ | के स्थानीय सरकारमा लैंगिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी तालिम दिन तथा कार्यक्रमलाई कार्यान्वयन गर्न सक्ने यथेष्ट मानवीय श्रोत छन्? (विषयगत तालिम प्राप्त जनशक्ति संख्या) | प्रशासन शाखा | प्रमुख प्रशासकीय अधिकृत | सबै शाखा | वार्षिक | | नपर्ने |
| ३.१.६ | के स्थानीय सरकारमा मानव संसाधन विकास केन्द्र वा शाखा वा ईकाईको व्यवस्था छ? | प्रशासन शाखा | कार्यपालिका | सबै शाखा | वार्षिक | | नपर्ने |
| ३.१.७ | महिला र वञ्चितिकरणमा परेको समुदाय लक्षित लोक सेवा आयोग पूर्व तयारी कक्षा सञ्चालन कार्यक्रम रहे नरहेको र कार्यान्वयन भए नभएको? (सञ्चालित तालिम कार्यक्रम संख्या र उपस्थिति) | महिला बालबालिका शाखा | प्रमुख प्रशासकीय अधिकृत | महिला बालबालिका शाखा | वार्षिक | | नपर्ने |
| ३.१.८ | महिला विकासको लागि भएका बेईजिङ घोषणपत्रका बाह्वटा प्रतिबद्धताहरुको बारेमा स्थानीय सरकारका पदाधिकारीहरु र कर्मचारीहरुलाई जानकारी छ? सोको लागि अभिमूखिकरण गरिएको छ? (कार्यक्रम संख्या र उपस्थिति) | महिला बालबालिका शाखा | प्रमुख प्रशासकीय अधिकृत | महिला बालबालिका शाखा | वार्षिक | | नपर्ने |
| **३.२** | अनौपचारिक मूल्य मान्यता र कुसँस्कार सम्बन्धि जनचेतना | | | | | | |
| ३.२.१ | महिला बिरुद्ध सबैखाले हिंसा निर्मुल गर्ने कार्यक्रमहरु र सो अनुसारको बजेट बिनियोजन गरी कार्यक्रम समयमै सम्पन्न गरेको छ? (कार्यक्रम संख्या र उपस्थिति) | महिला बालबालिका शाखा | कार्यपालिका | महिला बालबालिका शाखा | वार्षिक | पर्ने | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३.२.२ | लैंगिक हिंसा रहित गाउँपालिका/नगरपालिका घोषणा गरेको छ? (घोषणा गरेको मिति) र महिला हिंसा बिरुद्ध सुन्य सहनशिलता अपनाएको छ? (घटेको घट्ना संख्या र लिईएको निर्णय) | महिला बालबालिका शाखा | कार्यपालिका | महिला बालबालिका शाखा | वार्षिक | | नपर्ने |
| ३.२.३ | स्थानीय सरकारले महिला बिरुद्ध सबैखाले हिंसा निर्मूल गर्ने कार्यक्रमहरु सञ्चालन गर्ने गरेको छ? (कार्यक्रम संख्या उपस्थिति तथा निर्णय पुस्तिका) | महिला बालबालिका शाखा | प्रमुख प्रशासकीय अधिकृत | महिला बालबालिका शाखा | वार्षिक | | नपर्ने |
| ३.२.४ | के स्थानीय सरकारले समाजमा रहेका बिभिन्न कुसँस्कार जस्तै जातिगत छुवाछुत, छाउपडी, बाल बिवाह, बहुबिवाह, दाईजो आदि जस्ता सामाजिक कुरीति हटाउन कार्यक्रमहरु सञ्चालन गरेको छ? (कार्यक्रम संख्या र उपस्थिति) | महिला बालबालिका शाखा | कार्यपालिका | सबै शाखा | वार्षिक | | नपर्ने |
| ३.३ | कानुनी साक्षरता | | | | | | |
| ३.३.१ | स्थानीय तहका महिला तथा समावेशी समुहवाट निर्वाचित भएका समेत जनप्रतिनिधिहरु र पालिकामा कार्यरत कर्मचारीलाई नेपालको संबिधान, स्थानीय सरकार सञ्चालन ऐन, अन्तर सरकारी बित्त व्यवस्थापन ऐन, कर्मचारी समायोजन ऐन मुलुकी संहिताहरु विषयगत कानुनहरु, पालिकाले जारी गरेको कानुनहरु र अन्य प्रचलित महत्वपूर्ण कानुनहरुको बारेमा अभिमूखिकरण गर्ने गरेको/नगरेको? | कानुन शाखा | प्रमुख प्रशासकीय अधिकृत | कानुन शाखा | वार्षिक | पर्ने | |
| ३.३.२ | स्थानीय तहका कार्यपालिका सदस्यहरु, सभाका सदस्यहरु र पालिकाका प्रमुख प्रशासकीय अधिकृत लगायत सबै शाखा प्रमुखहरुलाई कानुनी मस्यौदा तर्जुमा सम्बन्धी प्रक्रिया र समाधान गर्नुपर्ने मूल समस्या तथा सवाल लगायत मुख्य विषयबस्तुका सम्बन्धमा समय समयमा अभिमूखिकरण गर्ने गरेको/नगरेको? | कानुन शाखा | प्रमुख प्रशासकीय अधिकृत | कानुन शाखा | वार्षिक | | नपर्ने |
| ३.३.३ | के महिलाहरुको लागि कानुनी शिक्षा सम्बन्धी कार्यक्रमहरु सञ्चालित भएका छन्? (जस्तै कानुनी हक अधिकार, एकल महिला र चेलीबेटी बेचबिखन बिरुद्ध कार्यक्रम, छाउपडी प्रथा बिरुद्ध कार्यक्रम, यौनहिंसा बिरुद्ध कार्यक्रम आदि बारेमा अनुशिक्षण) | महिला बालबालिका शाखा | प्रमुख प्रशासकीय अधिकृत | कानुन शाखा ,महिला शाखा ,लेखा शाखा | वार्षिक | पर्ने | |
| ३.३.४ | महिलाहरुको लागि सञ्चालित कानुनी शिक्षा सम्बन्धी कार्यक्रमहरु सञ्चालनबाट के उनीहरु लाभान्वित भएका छन्? (जस्तै कानुनी हक अधिकार एकल महिला र चेलीबेटी बेचबिखन बिरुद्ध कार्यक्रम, छाउपडी प्रथा बिरुद्ध कार्यक्रम, यौनहिंसा बिरुद्ध कार्यक्रम आदि बारेमा अनुशिक्षण र यसको असर) | महिला बालबालिका शाखा | प्रमुख प्रशासकीय अधिकृत | सबै शाखा | वार्षिक | पर्ने | |
| ३.४ | बिपद व्यवस्थापनमा समावेशीकरण | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३.४.१ | स्थानीय सरकारले बिपद व्यवस्थापन सम्बन्धी मापदण्ड रणनीति कार्यनीति सहितको कार्यबिधि स्वीकृत गर्दा महिला तथा वञ्चितिकरणमा परेका समुदायसंग परामर्श गरे नगरेको र यस्ता दस्तावेजमा सिमान्तकृत वर्ग र समुदायलाई लक्षित गरी बिशेष राहत र महिला पुरुषलाई अलग अलग संरक्षणको प्रावधान रहेको/नरहेको? | स्वास्थ्य शाखा, | कार्यपालिका | सबै शाखा | वार्षिक | | नपर्ने |
| ३.४.२ | स्थानीय स्तरको बिपद सम्बन्धी तथ्यांक संकलन नक्साङ्कन तथा व्यवस्थापन गर्दा लाभान्वित समुहमा महिला तथा वञ्चितिकरणमा परेका समुदाय समेतको खण्डीकृत तथ्यांक राखी आपतकालिन कार्य सञ्चालन तथा राहत बितरण गर्ने गरेको/नगरेको | विपद शाखा,वडा कार्यलय | प्रमुख प्रशासकीय अधिकृत | विपद शाखा,वडा कार्यलय ,महिला बालबालिका शाखा | वार्षिक | पर्ने | |
| ३.४.३ | समुदायमा आधारीत बिपद व्यवस्थापन सम्बन्धि कार्य गर्दा लाभान्वित समुहमा महिला तथा वञ्चितिकरणमा परेको समुदाय समेतको सहभागितामा उनीहरुलाई पहिलो प्राथमिकता राखी कार्य गरेको/नगरेको? | ,विपद शाखा | प्रमुख प्रशासकीय अधिकृत | सबै शाखा | वार्षिक | | नपर्ने |
| ३.४.४ | बिपद व्यवस्थापन कोषको स्थापना तथा सञ्चालन र स्रोत परिचालन गर्दा महिला तथा वञ्चितिकरणमा परेका समुदाय समेतको सहभागितामा निर्णय गर्ने गरेको/नगरेको? | विपद शाखा | प्रमुख प्रशासकीय अधिकृत | सबै शाखा | वार्षिक | | नपर्ने |
| ४ | **सेवा प्रवाह** | | | | | | |
| ४.१ | पूर्वाधार विकास | | | | | | |
| ४.१.१ | स्थानीय तहका भवन, भौतिक पूर्वाधार तथा अन्य संरचना निर्माणको लागि ड्रोईङ डिजाईन लागत अनुमान तयार गर्दा संरचना निर्माण भएपछि महिला, बालबालिका, अपांगता भएका ब्यक्तिले निर्वाध रुपमा प्रयोग गर्न सकिने गरी लैंगिक, बाल र अपांग मैत्री सम्बेदनशिल संरचनाको प्रावधान सहित हुने गरेको/नगरेको? | नगरपालिका | कार्यपालिका | महिला योजना प्राबिधिक | दीर्घकाल | पर्ने | |
| ४.१.२ | स्थानीय तहका भवन, भौतिक पूर्वाधार तथा संरचनाहरु शिक्षा, स्वास्थ्य र अन्य सामाजिक पूर्वाधार सम्बन्धी भवन र अन्य संरचनाहरु निर्माण गर्दा महिला, अपांगता भएका ब्यक्ति तथा बालमैत्री युक्त दृष्टिकोणवाट समेत उपयुक्त हुने गरी निर्माण गरिएको छ/छैन? | नगरपालिका | कार्यपालिका | महिला योजना प्राबिधिक शिक्षा | नियमित/निरन्तर | पर्ने | |
| ४.१.३ | स्थानीय तहले १५०० बर्गफिट भन्दा बढी प्लिन्थ क्षेत्रफल भएका निजी तथा सार्वजनिक भवन तथा संरचना निर्माण सम्बन्धी नक्सा स्वीकृत गर्दा महिला अपांगता भएका ब्यक्ती तथा बालमैत्रीयुक्त दृष्टीकोणवाट समेत उपयुक्त हुनेगरी संरचना तयार गर्न निर्देशन दिने गरिएको छ/छैन? | नगरपालिका | कार्यपालिका | महिला बालबालिका प्राबिधिक शिक्षा | तत्काल | पर्ने | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४.१.४ | स्थानीय तहले महिला तथा वञ्चितिकरणमा परेका समुदायलाई लक्षित गरी परम्परागत तथा आधुनिक उर्जा (जलविद्युत, विभिन्न वैकल्पिक उर्जा स्रोतवाट प्राप्त हुने उर्जा, सुधारिएको चुलो आदि) को प्रयोग गर्न सकारात्मक वातावरण र प्रोत्साहन गर्ने आयोजनाहरु रहे/नरहेको? | नगरपालिका | कार्यपालिका | वातावरण शाखा ,वडा कार्यलय | आगामी आ.व. | पर्ने | |
| ४.२ | प्रजनन स्वास्थ्य | | | | | | |
| ४.२.१ | गर्भवती महिलालाई जोखिमयुक्त, खतरायुक्त काममा नलगाउने गरी बार्षिक नीति र कार्यक्रममा प्रजनन स्वास्थ्य सम्बन्धी नीति र कार्यक्रम समावेश भएको/नभएको? | नगरपालिका | कार्यपालिका | स्वास्थ्य शाखा | नियमित/निरन्तर | | नपर्ने |
| ४.२.२ | स्थानीय तहको कार्यालय, अस्पताल वा स्वास्थ्य चौकी र सम्भव भएका सार्वजनिक स्थलहरुमा बच्चालाई स्तनपानका निमित्त अलग्गै कक्ष र समयको व्यवस्था र सोको व्यवस्थापन गरिएको छ/छैन? | नगरपालिका | कार्यपालिका | स्वास्थ्य शाखा | नियमित/निरन्तर | पर्ने | |
| ४.२.३ | परिवार नियोजन, मातृ शिशु कल्याण, बिस्तारित खोप, पोषण, जनसंख्या शिक्षा र जनस्वास्थ्य सम्बन्धी कार्यक्रम लगायत महिलाहरुको स्वास्थ्य सुधार सम्बन्धी बिशेष कार्यक्रमहरु सञ्चालन गरिएका छन्? | नगरपालिका | कार्यपालिका | स्वास्थ्य शाखा | नियमित/निरन्तर | पर्ने | |
| ४.२.४ | महिला, गरीब, निमुखा र वञ्चितिकरणमा परेका ब्यक्तिहरुको स्वास्थ्य बिमा गर्न सहजिकरण र सहयोग गर्ने कार्यक्रम र बजेट भए/नभएको? | नगरपालिका | कार्यपालिका | स्वास्थ्य शाखा | नियमित/निरन्तर | पर्ने | |
| ४.३ | शिक्षा कार्यक्रम | | | | | | |
| ४.३.१ | स्थानीय तहले आफ्नो पालिकाभित्रका विद्यालय जाने उमेरका सबै बालबालिकालाई विद्यालयमा भर्ना गराउने प्रबन्ध मिलाए/नमिलाएको? | नगरपालिका | कार्यपालिका | शिक्षा शाखा | नियमित/निरन्तर | | नपर्ने |
| ४.३.२ | स्थानीय तहले आफ्नो पालिका भित्रका आर्थिक अवस्था कमजोर भएका परिवारका बालिका तथा वञ्चितिकरण परेका समुदायका सबै बालबालिकालाई दिवा खाजा, निशुल्क पाठ्य पुस्तक र शैक्षिक सामाग्री तथा पोसाक उपलब्ध गराउन छात्रबृत्तिको व्यवस्था गरी निश्पक्ष बितरण हुने प्रवन्ध मिलाए/नमिलाएको? | नगरपालिका | कार्यपालिका | शिक्षा शाखा | नियमित/निरन्तर | पर्ने | |
| ४.३.३ | निरक्षर महिलाहरुको लागि शिक्षा सम्बन्धी बिशेष कार्यक्रमहरु सञ्चालन भए नभएको? (जस्तै अभिभावक शिक्षा, प्रौढ तथा किसोरी शिक्षा, साथी शिक्षा, कार्यमूलक प्रौढ शिक्षा, बच्चा देखि बच्चा कक्षा आदि) (कार्यक्रम संख्या पटक तथा सहभागी संख्या) | नगरपालिका | कार्यपालिका | शिक्षा शाखा | नियमित/निरन्तर | पर्ने | |
| ४.३.४ | विद्यालयमा छात्र र छात्राको लागि छुट्टा छुट्टै शौचालय, किसोरी छात्राको लागि प्याड र यौनशिक्षा तथा सहजीकरण कार्यक्रम सञ्चालन हुने गरेको/नगरेको? | नगरपालिका | कार्यपालिका | शिक्षा शाखा | नियमित/निरन्तर | पर्ने | |
| ४.४ | खानेपानी तथा सरसफाई | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४.४.१ | गाउँपालिका/नगरपालिकामा सफा पिउँने पानी, सफासंग हात धुने व्यवस्था, महिला र पुरुषको लागि अलग्गै शौचालयको व्यवस्था र स्यानिटाईजरको उपयोग गर्ने प्रबन्ध भए/नभएको | नगरपालिका | कार्यपालिका | राजस्व शाखा | नियमित/निरन्तर | पर्ने | |
| ४.४.२ | स्थानीय तहको आयोजना तथा स्थानीय महिलाहरुको सक्रिय सहभागितामा वडा वडामा खुला दिसामुक्त पालिका, घरघरमा शौचालय, डाँडा र गौडामा पोखरी, टोल सफाई अभियान जस्ता कार्यक्रम सञ्चालन हुने गरे/नगरेको? | नगरपालिका | कार्यपालिका | राजस्व शाखा | नियमित/निरन्तर | पर्ने | |
| ४.४.३ | कुहिने नकुहिने घरायासी फोहर छुट्याउँने व्यवस्था, फोहर संकलन तथा बिसर्जन, घरघरमा भान्साको फोहर र पानीवाट करेसाबारी तथा गमला र फुलवारी जस्ता कार्यक्रममा महिला र पुरुषको समान सहभागिता हुनुपर्ने जस्ता चेतना अभिबृद्धि कार्यक्रम सञ्चालन हुने गरे नगरेको? | नगरपालिका | कार्यपालिका | राजस्व शाखा | नियमित/निरन्तर | पर्ने | |
| ४.४.४ | महिलाहरु बढी मात्रामा संलग्न हुने कार्यमा सफा पानीको सहज व्यवस्थाका लागि स्थानीय महिलाहरुको सक्रीय सहभागितामा आकासेपानी संकलन र भण्डारण, पराम्परागत ईनार र कुवाको पुनर्जिवीकरण र रिचार्जिङ कार्यक्रम सञ्चालन हुने गरे/नगरेको? | नगरपालिका | कार्यपालिका | वातावरण शाखा | नियमित/निरन्तर | पर्ने | |
| ४.५ | स्वरोजगार र आयआर्जन तथा बजार व्यवस्थापन | | | | | | |
| ४.५.१ | स्थानीय सरकारको योजना तर्जुमा गर्दा बेरोजगार तथा गरीबीको नक्सांकनको समेत आधार लिई महिला तथा वञ्चितिकरणमा परेका समुदायलाई प्रत्यक्ष लाभ हुने स्वरोजगारमूलक, आयमूलक सिपमूलक कार्यक्रमहरु राख्ने र बार्षिक बजेटमा समावेश गरी कार्यान्वयन गरिएको छ/छैन? | नगरपालिका | कार्यपालिका | राेजगार शाखा | नियमित/निरन्तर | पर्ने | |
| ४.५.२ | स्थानीय सरकारले स्वरोजगार तथा बैदेशिक रोजगारीमा जाने महिला तथा वञ्चितिकरणमा परेका समुदायको क्षमता विकासको लागि कार्यक्रमहरु तय गरी कार्यान्वयन गर्ने गरे नगरेको? (कार्यक्रम संख्या र उपस्थिति) | नगरपालिका | कार्यपालिका | राेजगार शाखा | नियमित/निरन्तर | पर्ने | |
| ४.५.३ | ग्रामिण महिला प्राविधिकहरु (पशु सेवा, कृषि, स्वास्थ्य र पूर्वाधार सम्बन्धि प्राविधिकहरु) र सामाजिक परिचालक तयार गर्ने गरे/नगरेको (मनोनयन, नियुक्ति वा गठन र तालिम सम्बन्धी सूचकांक)? | नगरपालिका | कार्यपालिका | विषयगत शाखा | नियमित/निरन्तर | पर्ने | |
| ४.५.४ | गरीब र वञ्चितिकरणमा परेको समुदायको पहुँच र क्रयशक्ति अनुरुप सुपथमूल्य सहकारी पसलहरुको व्यवस्थापनमा पालिकाको कार्यक्रम कार्यान्वयन भए / नभएको? | नगरपालिका | कार्यपालिका | शहकारी शाखा | नियमित/निरन्तर | पर्ने | |
| | | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५ | **सुशासन तथा उत्तरदायित्व** | | | | | | |
| ५.१ | सुशासन | | | | | | |
| ५.१.१ | स्थानीय तहले स्थानीय सेवा प्रवाह, विकास निर्माण र स्थानीय शासनका विषयमा कार्यापालिका तथा सभावाट नीति, कानुन जारी गरी सोही कानुन बमोजिम सम्बन्धित अधिकारीवाट निर्णय गरी कामकाज गर्ने गरेको वा तदर्थ निर्णय गरी कामकाज हुने गरेको? | कार्यपालिका | कार्यपालिका | नगरपालिका | वार्षिक | पर्ने | |
| ५.१.२ | स्थानीय तहले बिधिको शासन ब्यापक जनसहभागिता, भ्रष्टाचार बिरुद्ध शुन्य सहनशिलता, सेवा प्रवाहमा निश्पक्षता र महिला तथा वञ्चितिकरणमा परेका समुदायलाई अग्राधिकार जस्ता नीतिहरु कार्यान्वयनमा ल्याएको/नल्याएको? | कार्यपालिका | कार्यपालिका | नगरपालिका | वार्षिक | पर्ने | |
| ५.१.३ | महिला विकासको लागि भएका बेईजिङ घोषणपत्रका बाहवटा प्रतिबद्धताहरुको क्षेत्रमा कार्यक्रम तयार गरी कार्यान्वयन गर्ने गरेको छ? (कार्यक्रम संख्या र उपस्थिति) | महिला तथा बालबालिका शाखा | कार्यपालिका | नगरपालिका | वार्षिक | पर्ने | |
| ५.१.४ | संयुक्त राष्ट्रसंघीय बाल अधिकार महासन्धी १९८९ मा गरिएका प्रतिबद्धता कार्यान्वयन गर्न कार्यक्रमहरुमा रकम बिनियोजन गरी कार्यक्रमहरु समयमै सम्पन्न गरेको छ? | महिला तथा बालबालिका शाखा | कार्यपालिका | नगरपालिका | वार्षिक | पर्ने | |
| ५.२ | उत्तरदायित्व र जवाफदेहिता | | | | | | |
| ५.२.१ | स्थानीय सरकारले नियमित रुपमा कार्यक्रमको सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, नियमित पत्रकार भेटघाट र सूचनाको सार्वजनिकीकरण गर्ने गरे/नगरेको? | प्रशासन शाखा | कार्यपालिका | नगरपालिका | वार्षिक | पर्ने | |
| ५.२.२ | स्थानीय सरकारले गर्ने सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, नियमित पत्रकार भेटघाट र सूचनाको सार्वजनिकीकरण कार्यक्रममा वञ्चितिकरणमा परेका ब्यक्ति तथा समुदायका सदस्यको उपस्थिति रहने गरे /नगरेको? | प्रशासन शाखा | कार्यपालिका | नगरपालिका | वार्षिक | पर्ने | |
| ५.२.३ | स्थानीय सरकारले गर्ने सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, नियमित पत्रकार भेटघाट र सूचनाको सार्वजनिकीकरण कार्यक्रममा वञ्चितिकरणमा परेका ब्यक्ति तथा समुदायका तर्फवाट स्थानीय सरकारले लिएको नीति र कार्यक्रम र सोको कार्यान्वयनका विषयमा आवाज उठ्ने गरे/नगरेको र यसरी उठेका प्रश्न उपर स्थानीय सरकारवाट सम्वोधन हुने गरे/नगरेको? | प्रशासन शाखा | कार्यपालिका | नगरपालिका | वार्षिक | पर्ने | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५.२.४ | स्थानीय सरकारका जनप्रतिनिधि र कर्मचारीको आचार संहिता स्वीकृत गरी कार्यान्वयनमा ल्याए नल्याएको? | प्रशासन शाखा | कार्यपालिका | प्रशासन | वार्षिक | पर्ने | |
| ५.३ | सूचना तथा सञ्चार | | | | | | |
| ५.३.१ | स्थानीय सरकारले नियमित रुपमा समग्र बार्षिक योजना तथा कार्यक्रमको सार्वजनिक गर्ने गरे नगरेको र महिला, बालबालिका र आदिवासी जनजाति, मधेसी, मुस्लिम, पिछडावर्ग दलित, अपांगता भएका ब्यक्तिहरु, जेष्ठ नागरिकलाई लक्षित गरी राखेका कार्यक्रम र बजेट सरोकारवालाले थाहा पाउने गरी सार्वजनिक गरे/नगरेको? | प्रशासन शाखा ,महिला तथा बालबालिका ,सूचना प्रविधि | कार्यपालिका | प्रशासन ,महिला बालबालिका ज्यष्ठ नागरिक ,सुचना प्रविधि | वार्षिक | पर्ने | |
| ५.३.२ | स्थानीय सरकारले स्थानीय सूचना स्थानीय भाषामा प्रवाह तथा प्रशारण गर्ने गरे नगरेको? | नगरपालिका | नगर सभा | नगरपालिका | नियमित/निरन्तर | पर्ने | |
| ५.३.३ | के स्थानीय सरकारले स्थानीय रेडियो एफ एम र छापा माध्यमद्वारा समावेशीकरण तथा लैंगिक समानता सम्बन्धी सूचना प्रवाह गरी जनतालाई सुसूचित गर्ने गरेको छ? | नगरपालिका | नगर सभा | नगरपालिका | नियमित/निरन्तर | पर्ने | |
| ५.३.४ | के स्थानीय स्तरमा महिला बालबालिका सबै जातजातिका बिपन्न वर्ग (आदिबासी जनजाति दलित मधेशी मुस्लिम पिछडावर्ग) अपांगता भएको ब्यक्तिहरु जेष्ठ नागरिक लगायत अन्य लक्षित समुहहरुको सूचना, शिक्षा र सञ्चार सम्बन्धी कार्यक्रमको प्रवाहवाट यी वर्गहरुको जनचेतना बृद्धि भएको छ? (आधार तथ्यांकसंग समेत तुलना गर्न सकिने) | महिला बालबालिका | कार्यपालिका | महिला तथा बालबालिका | नियमित/निरन्तर | पर्ने | |
| ५.४ | अनुगमन र मूल्यांकन | | | | | | |
| ५.४.१ | के कार्यक्रम तथा परियोजना कार्यान्वयनवाट सम्बन्धित समुदायले पुरा लाभ लिन सकेको छ? | सम्बन्धित शाखा | कार्यपालिका | सम्बन्धित शाखा | नियमित/निरन्तर | पर्ने | |
| ५.४.२ | के स्थानीय सरकारले सञ्चालन गरेका कार्यक्रमहरुको अनुगमन मूल्यांकन गर्दा लैंगिक समानता तथा सामाजिक समावेशी विकास सम्बन्धी कार्यक्रमको सञ्चालनबाट सरोकारवालालाई पुगेको लाभ, असर र प्रभाव बिश्लेषण गर्ने गरिन्छ? | सम्बन्धित शाखा | कार्यपालिका | सम्बन्धित शाखा | नियमित/निरन्तर | पर्ने | |
| ५.४.३ | के स्थानीय सरकारको समिक्षा बैठकमा महिला, बालबालिका सबै जातजातिका बिपन्न बर्ग (आदिबासी, जनजाति, दलित, मधेशी, मुस्लिम, पिछडावर्ग) अपांगता भएका ब्यक्तिहरु, जेष्ठ नागरिक लगायतलाई लक्षित कार्यक्रम माथि छलफल गर्ने गरेको छ? | महिला तथा बालबालिका | कार्यपालिका | महिला तथा बालबालिका | नियमित/निरन्तर | पर्ने | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५.४.४ | के अनुगमन तथा मूल्यांकनवाट सिकेका पाठहरु कार्यक्रम वा योजना तयार गर्दा समावेश गर्ने गरिन्छ? | महिला तथा बालबालिका | कार्यपालिका | महिला तथा बालबालिका | नियमित/निरन्तर | पर्ने | |
| ५.५ | समन्वय र सम्बन्ध बिस्तार | | | | | | |
| ५.५.१ | स्थानीय तहले संघ र प्रदेश सरकारहरुले तय गरेको नीति, कानुन तथा कार्यक्रमहरुको कार्यान्वयनमा सहकार्य, समन्वय र सहजीकरण गर्ने गरेको/नगरेको? | कार्यपालिका | कार्यपालिका | नगरपालिका | वार्षिक | पर्ने | |
| ५.५.२ | लैंगिक समानता तथा समावेशी विकासको लागि बिभिन्न सरोकारवाला निकायहरु बिच सञ्जाल सदस्य बनी कार्यगत छलफल तथा यस क्षेत्रको विकासको लागि नियमितरुपमा कार्य हुने गरे/नगरेको? | कार्यपालिका | कार्यपालिका | नगरपालिका | वार्षिक | पर्ने | |
| ५.५.३ | लैंगिक समानता तथा समावेशी विकासको लागि बिभिन्न सरोकारवाला निकायहरु बिच कार्यगत संयन्त्र (सञ्जाल) का प्रतिनिधिहरुलाई लैंगिक तथा समावेशी विकास सम्बन्धी क्षमता विकास तालिमहरु प्रदान गर्ने गरे/नगरेको? | महिला तथा बालबालिका शाखा | कार्यपालिका | नगरपालिका | वार्षिक | पर्ने | |
| ५.५.४ | महिला बिरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धि कार्यान्वयनका लागि तयार गरिएको राष्ट्रिय कार्ययोजना र संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषदद्वारा पारित प्रस्ताव नं १३२५ र १८२० को कार्यान्वयन राष्ट्रिय कार्ययोजना, मानव अधिकार कार्ययोजना तथा छुवाछुत बिरुद्धको कार्ययोजनामा स्थानीय सरकारको जिम्मेवारी भनी उल्लेख गरिएका कार्यक्रमहरुमा रकम बिनियोजन तथा कार्यान्वयन गर्ने गरे/नगरेको? | महिला तथा बालबालिका शाखा | कार्यपालिका | नगरपालिका | वार्षिक | पर्ने | |

## ३.५ अवसर र चुनौतिहरू

### ३.४.१ अवसरहरू

यस वनेपा नगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण गर्दा देहायका अवसरहरू रहेको अवगत भएको छः

क) नेपालको संविधान , स्थानीय सरकार सञ्चालन ऐन २०७४ र अन्य संघीय तथा प्रादेशिक नीति र कानूनहरूले लैङ्गिक समानता तथा समाजिक समावेशीकरणको अवधारणालाई आत्मसात गरी कानूनतः लागू गरेको।

ख) वनेपा नगरपालिकालाई कार्यक्षेत्र बनाएर विभिन्न सामाजिक संघ संस्थाहरूले लैङ्गिक केन्द्रित कार्यक्रमहरू लागू गरेका।

ग) नगरपालिकामा निर्वाचित पदाधिकारीहरू रहेको र स्थानीय नीति, ऐन र कार्यविधिहरू तयारी र लागू गर्ने अधिकार स्थानीय सरकारलाई प्रदान गरेकोले लैससास विकासका स्थान सापेक्ष नीति, ऐन र कार्यविधिहरू लागू गर्ने अवसर रहेको।

घ) भौगोलिक दृष्टिले राजधानी राजधानीको नजिक र अरनिको राजमार्गको बाटोमा अवस्थित रहेको।

### ३.४.१ चुनौतिहरू

यस वनेपा नगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण गर्दा देहायका चुनौतिहरू रहेको विश्लेषण गरिएको छः

क) नगरपालिकाको अधिकांश बजेट पूर्वाधार विकासमा केन्द्रित रहेको र बहुसंख्यक पदाधिकारीहरूको ध्यान समेत पूर्वाधार विकासतर्फ नै रहेकोले लैससास क्षेत्रमा एक निश्चित प्रतिशत बजेट विनियोजन गर्ने नीति कार्यान्वयन गर्न चुनौति रहेको।

ख) महिला तथा वञ्चितिकरणमा परेका समुदायको उत्थानको लागि टोल वा बस्ती स्तरमा कार्यक्रमहरू लैजानको लागि थप बजेटको व्यवस्था गर्नु पर्ने देखिएको।

ग) नगरपालिकाभित्रका ग्रामीण भेगका समुदायहरूको चेतनास्तर अझै कमजोर रहेकोले उनीहरूलाई सशक्त तुल्याउन अपेक्षाकृत लामो समय लाग्ने देखिन्छ।

घ) वनेपा नगरपालिकामा बढ्दो बसाइँसराइँका कारण लैससाससम्बन्धी मुद्दाहरु थपिँदै गएको।

ङ) सबै जनप्रतिनिधिहरू र कर्मचारीहरूमा लैससास कार्यान्वयन सम्बन्धमा उत्तिकै सचेतना र क्षमता नभएकोले निजहरूलाई सशक्तिकरण गर्न एक चुनौतिको रूपमा रहेको।

च) सङ्घीय सरकारद्वारा जारी गरिएको लैससास परीक्षण कार्यविधि र निर्देशिकाहरु स्थानीय मुद्दा तथा विषय अनुकूल नभएकोले लैससास परीक्षण कार्य चुनौति रहेको।

# भाग-४ निष्कर्ष र सुझावहरू

## ४.१ निष्कर्ष

यस वनेपा नगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणको क्रममा नगरपालिकाले जारी गरेका स्थानीय नीति, ऐन, कार्यविधिहरू तथा अन्य कानुनी व्यवस्थाहरूको अध्ययन, वार्षिक नीति. कार्यक्रम तथा बजेट किताब र आवधिक वार्षिक प्रगति प्रतिवेदनहरूको अध्ययन गरी सहभागितामूलक विधिबाट सबै पदाधिकारी तथा कर्मचारीहरूको संलग्नतामा लैससास परीक्षण कार्य सम्पन्न गरिएको थियो । यस क्रममा नगरपालिकाले लैससासको क्षेत्रमा महत्वपूर्ण नीतिगत व्यवस्थाहरू तथा कार्यक्रमहरू कार्यान्वयन गरेको पाइयो । नगरपालिकाले समग्रमा ९०.० प्रतिशत प्रगति हासिल गरेको पाइएको छ । यो प्रतिवेदनले समग्रमा उत्कृष्ट प्रदर्शन देखाउँछ, किनकि १०० पूर्णाङ्क मध्ये ९०.० प्राप्ताङ्क प्राप्त भएको छ। यो उच्च प्राप्ताङ्कले सम्बन्धित क्षेत्रमा गरिएका प्रयासहरू अत्यन्तै सफल रहेको पाइन्छ ।

सूचकगत विश्लेषणका आधारमा हेर्दा नीति, कानुन र योजना (२०/१७.५) को क्षेत्रमा पूर्ण प्राप्ताङ्क प्राप्त भएको छ, जसले नीति निर्माण, कानुनी प्रावधान र योजना तर्जुमाका पक्षहरू अत्यन्तै सुदृढ र प्रभावकारी रहेको देखाउँछ। यसले यी आधारभूत संरचनाहरूमा कुनै कमी नरहेको स्पष्ट पार्छ। संस्थागत व्यवस्था (२०/१७.५) को क्षेत्रमा संस्थागत व्यवस्थामा पनि पूर्ण प्राप्ताङ्क प्राप्त भएको छ। यसको अर्थ सम्बन्धित संस्थाको संरचना, कार्यप्रणाली र व्यवस्थापन पक्षहरू चुस्त दुरुस्त र प्रभावकारी छन्।

त्यसैगरी मानव संसाधन तथा क्षमता विकास (२०/१७.५) को क्षेत्रमा प्राप्त १८ प्राप्ताङ्कले मानव संसाधन व्यवस्थापन र क्षमता विकासका प्रयासहरू राम्रो भए पनि सुधारका लागि केही गुन्जायस रहेको देखाउँछ। यद्यपि, यो प्राप्ताङ्क पनि सन्तोषजनक नै मानिन्छ। साथै सेवा प्रवाह (२०/१९.५) को क्षेत्रमा सेवा प्रवाहमा प्राप्त १९.५ प्राप्ताङ्क उत्कृष्ट मानिन्छ। यसले सेवाग्राहीहरूलाई प्रदान गरिने सेवाको गुणस्तर, प्रभावकारिता र पहुँच उच्च रहेको संकेत गर्दछ। अत्यन्तै कम अन्तरले पूर्ण प्राप्ताङ्क गुमाए पनि यो क्षेत्रमा प्रदर्शन सराहनीय छ। र अन्तिममा सुशासन तथा उत्तरदायित्व (२०/१९.५) को क्षेत्रमा सुशासन र उत्तरदायित्वको क्षेत्रमा पूर्ण प्राप्ताङ्क प्राप्त हुनु अत्यन्तै सकारात्मक पक्ष हो। यसले पारदर्शिता, जवाफदेहिता र सुशासनका सिद्धान्तहरूलाई पूर्ण रूपमा पालना गरिएको देखाउँछ।

यसरी कुल ९०.० प्राप्ताङ्कका साथ, यो प्रतिवेदनले सम्बन्धित संस्था वा कार्यक्रमको समग्र प्रदर्शन अत्यन्तै उच्च र प्रभावकारी रहेको पुष्टि गर्दछ। विशेष गरी नीति, कानुन र योजना, संस्थागत व्यवस्था, तथा सुशासन र उत्तरदायित्व जस्ता आधारभूत पक्षहरूमा शतप्रतिशत सफलता प्राप्त हुनुले यसको बलियो जग रहेको प्रस्ट हुन्छ। मानव संसाधन तथा क्षमता विकास र सेवा प्रवाहमा पनि उत्कृष्ट नतिजा प्राप्त भएको छ, जसले समग्र कार्यसम्पादनमा उत्कृष्टता झल्काउँछ। यस किसिमको उच्च प्रदर्शनले लक्ष्य प्राप्तिमा ठूलो सफलता मिलेको मान्न सकिन्छ।

लैससास परीक्षणका १०० वटा उपसूचकहरूमा राम्रो प्रगति देखिएका उपसूचकहरूलाई निरन्तरता तथा अद्यावधिक गर्दै लैजानु पर्ने, आंशिक र न्यून प्रगति भएका उपसूचकहरूमा नगरपालिकाले कार्ययोजना तयार गरी कार्यान्वयन गर्नु पर्ने हुन्छ । यसकारण यस प्रतिवेदनमा मार्गदर्शनको रूपमा कार्ययोजना समेत तयार गरी समावेश गरिएको छ । चालु तथा आगामी आर्थिक वर्षहरूमा लैससास परीक्षणले देखाएका क्षेत्रहरू र सुझावहरूलाई कार्यान्वयन गरी लैससास मैत्री नगरपालिकाको रूपमा विकास हुने अपेक्षा गरिएको छ ।

### ४.२ सुझावहरू

यस नगरपालिकाको लैङ्गिक समानता तथा समाजिक समावेशीकरण परीक्षण गर्ने क्रममा प्राप्त भएका तथ्य र तथ्याङ्क तथा अभ्यासहरूको आधारमा देहाय अनुसारका सुझावहरू पेश गरिएको छ:

क) नगर कार्यपालिकाको आगामी पहिलो बैठकले नै लैससास कार्यान्वयन कार्यदल गठन गरी यस परीक्षणबाट प्राप्त सुझाव तथा अवस्थालाई कार्यान्वयनमा लैजानु पर्ने देखिन्छ,

ख) नगरपालिकाले जारी गरेका लैससाससँग सम्बन्धित नीति तथा कानूनहरू तर्जुमा गरिएका भएतापनि लैससासको दृष्टिले थप कानूनहरू तर्जुमा गरी प्रभावकारी कार्यान्वयन गर्नु पर्ने देखिएको छ।

ग) आगामी वर्षहरूमा लैससास परीक्षणलाई थप प्रभावकारी बनाउन लैससासका दृष्टिले उपयुक्त भए नभएको लेखाजोखा गर्न वनेपा नगरपालिकाद्वारा जारी गरिएका कानुनी प्रावधानको ढाँचामा आधारित भएर नगरपालिकाभित्र सञ्चालित विद्यमान कार्यक्रम, आयोजना तथा क्रियाकलापहरूको प्रभाव तथा असर विश्लेषण गर्नु पर्ने देखिन्छ।

घ) योजना तर्जुमा गर्दा महिला र पुरुष एवम् लक्षित समूहहरूको छुट्टाछुट्टै अवस्था विश्लेषणको लागि आवश्यक विशिष्टिकृत आधारभूत तथ्याङ्कहरूको व्यवस्थापन र नियमित अद्यावधिक गर्ने प्रणालीको विकास गर्नुपर्ने देखिन्छ।

ङ) लैससासको प्रभावकारी कार्यान्वयनको लागि लैससास परीक्षण कार्यविधिको स्थानीयकरण र लागू गर्ने, वार्षिक रूपमा लैससासको परीक्षण गर्ने, सोको प्रतिवेदन अनुसार कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने आदि कार्यको आवश्यकता देखिएको छ।

च) नगरपालिकाले सम्पादन गरेका तथा नगरपालिकाभित्र भएका लैससाससम्बन्धी असल अभ्यासहरूलाई महत्वका साथ सार्वजनिक गरी सम्बन्धित निकाय, संरचना तथा जनशक्तिलाई थप प्रोत्साहित गर्ने।

छ) लैससास संवेदनशीलता कायम राख्नका लागि मानव संशाधन तथा क्षमता विकासको क्षेत्रमा थप लगानी गर्नुपर्ने देखिन्छ।

ज) नगरपालिका तथा वडा कार्यालयबाट हुने कार्यक्रम, योजना तथा परियोजनाको अनुगमन टोलीमा लैससास सम्पर्क बिन्दुका कर्मचारी अथवा सम्पर्क व्यक्तिलाई समावेश गराएर सँगसँगै अनुगमनमा लैजाँदा पालिकाभित्र सञ्चालनमा रहेका तथा सम्पन्न भैसकेका कार्यक्रम, योजना तथा परियोजनाको लैससास अनुगमन समेत एकसाथ हुने र प्रभावकारी हुने देखिन्छ।

झ) नगरपालिकाको विधायन समिति तथा न्यायिक समितिका बैठकहरूमा लैससास सम्पर्क बिन्दुका कर्मचारी अथवा सम्पर्क व्यक्तिलाई आमन्त्रित गरी कानुन तर्जुमा तथा न्याय सम्पादन प्रकृयामा लैससास विश्लेषणका लागि आवश्यक सहजिकरण गर्नुपर्ने।

ञ) लैससासका सम्बन्धमा भएका कार्यप्रगतिहरूलाई कायम गर्न तथा थप प्रगति हासिल गर्न नगरपालिकाका जनप्रतिनिधि, अप्राविधिक तथा प्राविधिक कर्मचारीहरूलाई लैससाससम्बन्धी सघन तालिमको व्यवस्था गर्नुपर्ने।

## अनुसूचि १: लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्य-समूहहरू

### क. नीति, कानून र योजना

१. संयोजक — सचितानन्द केसी, वडाअध्यक्ष
२. सदस्य — पोषण लामिछाने, प्रमुख प्रशासकीय अधिकृत
३. सदस्य — बलराम अधिकारी, वडाअध्यक्ष
४. सदस्य — कमला परियार, कार्यपालिका सदस्य
५. सदस्य — चन्दन ह्योजू, इञ्जीनियर
६. सदस्य — रिता ढुङ्गाना, प्राविधिक शाखा अमीन
७. सदस्य — सविता सापकोटा, कानून शाखा, कानून सहजकर्ता
८. सदस्य — सङ्गम भुजेल, योजना शाखा प्रमुख
९. सदस्य — सुमन भुर्तेल, राजस्व शाखा प्रमुख

### ख. संस्थागत व्यवस्था

१. संयोजक — शुभलक्ष्मी मानन्धर, वडाअध्यक्ष
२. सदस्य — रामलाल दुवाल, वडाअध्यक्ष
३. सदस्य — शिवकुमार थापा , वडाअध्यक्ष
४. सदस्य — चिरञ्जीवि शर्मा, पशुपन्छी शाखा प्रमुख
५. सदस्य — यादव खनाल, प्रशासन शाखा
६. सदस्य — जीवन बरूवाल, प्रशासन शाखा
७. सदस्य — हरि गोपाल मानन्धर, लेखा शाखा
८. सदस्य — जयप्रसाद मानन्धर, इन्जीनियर, प्राविधिक शाखा
९. सदस्य — सपना ओली, मविनि, महिला,बालबालिका तथा जेष्ठ नागरिक शाखा
१०.सदस्य — सोकुल डंगोल, प्रमुखज्यूको सचिवालय

### ग. मानव संसाधन तथा क्षमता विकास

१. संयोजक — रमेश दाहाल, वडाअध्यक्ष
२. सदस्य — हिटलर शाक्य, वडाअध्यक्ष
३. सदस्य — समिता थापा कार्यपालिका सदस्य
४. सदस्य — सरिता श्रेष्ठ कार्यपालिका सदस्य
५. सदस्य — महेन्द्र कारञ्जित, प्राविधिक शाखा,
६. सदस्य — सोम थोकर, सामुदायिक विकास तथा सहकारी शाखा

७. सदस्य — भगवती तामाङ, शाखा प्रमुख, महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा

८. सदस्य — सुनिता यादव, महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा

९. सदस्य — मिरादेवी पन्त, शिक्षा शाखा

**घ. सेवा प्रवाह**

१. संयोजक — चन्द्रबहादुर खड्का, वडाअध्यक्ष

२. सदस्य — देवराज निरौला शाखा प्रमुख, शिक्षा शाखा

३. सदस्य — शुभद्रा बजगाइँ, कार्यपालिका सदस्य

४. सदस्य — उत्तम के.सी., वडा सदस्य

५. सदस्य — आशीष शर्मा, स्वास्थ्य शाखा प्रमुख

६. सदस्य — टंक अधिकारी, शाखा प्रमुख, कृषि शाखा

७. सदस्य — शिवराज त्रिपाठी, अधिकृत, शिक्षा शाखा

८. सदस्य — विशाल विक्रम कायस्थ, जिन्सी शाखा

९. सदस्य — शान्ता कुँवर, रोजगार संयोजक

१०.सदस्य — चिरञ्जीवि भट्टराई, प्राविधिक, कृषि शाखा

**ङ. सुशासन तथा उत्तरदायित्व**

१. संयोजक — रामबहादुर कुँवर, वडाअध्यक्ष

२. सदस्य — कमल घिमिरे, वडाअध्यक्ष

३. सदस्य — प्रेमकाजी श्रेष्ठ, का.वा.वडाअध्यक्ष

४. सदस्य — विक्रम भुजेल, कार्यपालिका सदस्य

५. सदस्य — रविन्द्र सुनार,

६. सदस्य — द्रौपदा खत्री, कार्यपालिका सदस्य

७. सदस्य — सुरेश कुमार थापा, इञ्जीनियर, सूचना प्रविधि शाखा

८. सदस्य — विकास रम्तेल, MEDPA, उद्यमी विकास सहजकर्ता

**अनुसूचि २: लैससास परीक्षण गोष्ठीको उपस्थिति**



मिति २०८२ असार १६ र १७ गतेका दिन बनेपा नगरपालिकाको आयोजनामा लैङ्गिक समानता तथा सामाजिक समावेसीकरण परीक्षण कार्यक्रम कार्यशाला नगर प्रमुख श्री शान्ती रत्न शाक्यज्यूको अध्यक्षतामा देहायका महानुभावहरुको उपस्थिति रहेको थियो ।

उपस्थिति

| क.सं. | नाम थर | पद | सम्पर्क नं. | हस्ताक्षर | हस्ताक्षर |
|---|---|---|---|---|---|
| १ | श्री शान्ति रत्न शाक्य | प्रमुख | | | |
| २ | श्री बिमला सापकोटा | उपप्रमुख | | बिमला | बिमला |
| ३ | श्री पोषण लामिछाने | प्रमुख प्रशासकीय अधिकृत | | | |
| ४ | चन्द्र ब. खड्का | वडा अध्यक्ष १० | ९८४१५५५५२२ | | |
| ५ | शिव कुमार थापा | ,, ,, | ९८४१०६४१७८ | शिवकुमार | शिवकुमार |
| ६ | नरेन्द्र बा. कुँवर | ,, ,, १२ | ९८४१५०४८४५ | | |
| ७ | उत्तम के.सी. | वडा सदस्य – १४ | ९८१८१५६३२५ | | |
| ८ | रविन्द्र सुवाल | का.पा.स. १४ | ९८४१८८१३५२ | | |
| ९ | विक्रम गुरुङ | का.पा.स. ११ | ९८५१०६४७९४ | | |
| १० | सुभद्रा बजगाईं | वडा सदस्य (का.पा.स) | ९८६६३१३८५० | सुभद्रा | सुभद्रा |
| ११ | द्रौपदा खत्री | वडा सदस्य कार्यपा वडा नं १० | ९८६६४९३६६३ | द्रौपदा | द्रौपदा |
| १२ | समिता थापा | कार्यपालिका सदस्य | ९८४१०००४९५ | | |

| | | | | | |
|---|---|---|---|---|---|
| १३ | कमला परियार | कार्यपालिका सदस्य व:डा ९ | ९८४३९२८६९३६ | | |
| १४ | सरिता श्रेष्ठ | व:डा १३ | ९८४९६५२०१३ | | |
| १५ | सविता बराल | सहायक पाँचौं बनेपा न०पा० उप-प्रमुख सचिवालय | ९८५५५६०३८४ | | |
| १६ | यादव खनाल | प्र.अ. | ९८४५०४८०८४ | | |
| १७ | सविता सापकोटा | व्यापिक सहजकर्ता | ९८६१४६१८६६ | | |
| १८ | सुरेश कुमार थापा | स्वा.प्र.अ. | ९८४५०३२५१३ | SKThapa | SKThapa |
| १९ | चिरञ्जिवी गिरी | सी.प्रे.हे. | ९८४१६२१०८६ | | |
| २० | सोमन के थोकर | अ.हेरौ | ९८६२१२९७७६ | | |
| २१ | महेन्द्र कार्की | अ. हेरौं | ९८४१६६४६४८ | | |
| २२ | विकास रम्तेल | उ.चि.स. | ९८४५१५६६६१ | | |
| २३ | कमल प्र. धिमिरे | अध्यक्ष - १ | ९८५१०८१०११ | | |
| २४ | रामलाल दुवाल | अध्यक्ष १३ | ९८४१४८८४२४ | रामलाल दुवाल | रामलाल दुवाल |
| २५ | आशिष शर्मा कंडेल | स्वा० शाखा प्रमुख | ९८६२८६७५७१ | | |
| २६ | चिरञ्जिवी [illegible] | पशु सेवा शाखा प्रमुख | ९८४१८८६६८ | AKR | AKR |

| | | | | | |
|---|---|---|---|---|---|
| २७ | देवराज निरौला | उप सचिव शिक्षा शाखा | | | |
| २८ | भगवती तामाङ | महिला विकास अधिकृत | | | |
| २९ | कृपा सिटौला | लै· समा· स· सहजकर्ता | 9849611979 | | |
| ३० | गोकुल ढुंगेल | प्रमुख सचिवालय | 9841342165 | | |
| ३१ | सचित नन्द के·सी· | वडा अध्यक्ष बनेपा-६ | ९८४१२४८१९८ | | |
| ३२ | मनिषा तामाङ | डी·वी· वडा अध्यक्ष बनेपा-९ | ९८६०६०१६९१ | | |
| ३३ | शुभ लक्ष्मी मानन्धर | वडा अध्यक्ष बनेपा-[illegible] | ९८४१५६६३५४ | | |
| ३४ | हिटलर शाक्य | वडा अध्यक्ष बनेपा-७ | | | |
| ३५ | सपना ओली | म·वि·नि· | ९८४५५४११२५ | | |
| ३६ | रमेश दाहाल | वडा अध्यक्ष बनेपा-२ | ९८४१८८२०२० | | |
| ३७ | बलराम अधिकारी | वडा अध्यक्ष बनेपा-५ | ९८५११९६४३९ | | |
| ३८ | नविन चन्द्र घिमिरे | लै·स·सा·स सहजकर्ता | 9856045450 | | |
| ३९ | प्रेम काजी श्रेष्ठ | का·वा· अध्यक्ष बनेपा ४ | ९८४५३१५८६६ | | |
| ४० | जय मानन्धर | इञ्जिनियर बनेपा नं·पा· | ९८५११६५८०६ | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ४१. | शिवराज त्रिपाठी | कारगा अधिकृत | ९८४१८९८४२० | | |
| ४२. | संगम न्यौपाने | अ. सातौं | ९८४५४३१५३७२ | | |
| ४३. | सुमन भुर्तेल | अ. दैठौं | ९८४१०७४२०६ | | |
| ४४ | टेंड क० अधिकारी | कृषि अधिकृत | ९८४२४२४६८६ | | |
| ४५ | विशाल विक्रम थापा [illegible] | प्रा. दै | ९८४१४३०६७ | | |
| ४६ | देवराज निरौला | उपसचिव | ९८६६६५०८५४ | | |
| ४७ | [illegible] | इन्जिनियर | ९८४१०८४०७ | | |
| ४८ | चिरञ्जिवी [illegible] | प्रा. स. कृषि | ९८६६२२६३९३ | | |
| ४९ | हरिगोपाल मानधर | [illegible] | ९८४१२२६६९१ | | |
| ५० | जीवन बग्वाले | सहायक पाँचौं | ९८६९५०७४९६ | | |
| ५१ | महेश्वर श्रेष्ठ | नं. खो. नि | ९८४१२८२८६४ | | |
| ५२ | सान्ता कुँवर | रो. ले. | ९८४११५२७७१ | | |
| ५३ | बिना स्याङ्गु | अधिकृत आठौं | ९८४३३१८३४१० | | |
| ५४ | विनोद [illegible] | अधिकृत आठौं | — | — | — |
| ५५ | चेता डंगा | अधिकृत [illegible] दैठौं | ९८४१६२०२०० | | |
| ५६ | जयराम [illegible] | MIS Operator | ९८४१८९६११५ | | |
| ५७ | विनोद [illegible] | ले अ. | ९८४९४४८७५ | | |
| ५८ | रजनी श्रेष्ठ | क्ल.ना. | ९८४१५४६६६१ | | |
| ५९ | सुनिता कुमारी राय | सा. पा. | ९८४४०२४३१३ | | |
| ६० | विष्णु सुवाल | सा. पा | ९८४१२८६६४४ | | |
| ६१ | मिरा देवी पन्त | प्रा. स. | ९८४१५५२०७४ | | |

## अनुसूचि ३: लैससास परीक्षण प्रारम्भिक नतिजा सार्वजनिक कार्यक्रमको उपस्थिति

आज मिति २०८२ असार १८ गतेका दिन बनेपा नगरपालिकाको आयोजनामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण सम्वन्धी सार्वजनिक सुनुवाई कार्यक्रम नगर प्रमुख श्री शान्ती रत्न शाक्यज्यूको अध्यक्षतामा देहायका महानुभावहरुको उपस्थिति रहेको थियो ।

उपस्थिति

| क.सं. | नाम थर | पद | सम्पर्क नं. | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|
| १ | श्री शान्ति रत्न शाक्य | प्रमुख | | | |
| २ | श्री बिमला सापकोटा | उपप्रमुख | | | |
| ३ | श्री पोषण लामिछाने | प्रमुख प्रशासकीय अधिकृत | | | |
| ४ | राम बा. कुँवर | वडा अध्यक्ष १२ | [illegible] | | |
| ५ | [illegible] | " " " -१० | [illegible] | | |
| ६. | बलराम अधिकारी | " " -५ | ९८४१११८४३९ | | |
| ७. | हिटलर शाक्य | " " ७ | ९८४१७६०११२ | | |
| ८ | रामलाल दुवाल | " " १३ | ९८४१४८८४२८ | | |
| ९. | उत्तम के.सी. | वडा सदस्य-१४ | ९८१८१५६३२५ | | |
| १०. | शुभलक्ष्मी मानन्धर | वडा अध्यक्ष-८. | ९८४१५६६३५४ | | |
| ११ | कमल प्रसाद तिमी | वडा अ.-१ | 9851081011 | | |
| १२ | प्रेम काजी श्रेष्ठ | का.वा. अध्यक्ष बनेपा ४ | ९८४५३९५४१६ | | |

| | | | | |
|---|---|---|---|---|
| १३ | शिव कुमार थापा | वडा अध्यक्ष | ९८५१०४९८१५ | |
| १४ | सचितनन्द ह.श्री. | वडा अध्यक्ष बनेपा - ६ | ९८४१९४७१८२ | |
| १५ | रविन्द्र सुनार | का.पा.स बनेपा १४. | ९८४१८८१३४२ | |
| १६ | बिक्रम श्रेष्ठ | का.पा.स बनेपा ११ | 9851064794 | |
| १७ | द्रौपदा खत्री | का.पा.स बनेपा१० | ९८६९८९३६६३ | |
| १८ | स्मिता थापा | का.पा.स बनेपा५ | 9841000473 | |
| १९ | सुभद्रा बजगाई | का.पा.स बनेपा-३ | 9849313850 | सुभद्रा |
| २० | सरिता श्रेष्ठ | का.पा.से. बनेपा ३ | ९८४१७५६०१३ | |
| २१ | कमला परियार | का.पा.स. बनेपा९ | ९८४३१८६५३६ | |
| २२. | ज्ञानमणि नेपाल | NNTV, उपसम्पादक | 9841221288 | |
| २३. | भक्त दाहाल | Best FM सञ्चालक | ९८४१००४५३४ | |
| २४. | पुष्प ढिताल | कान्तिपुर टि. भि. काभ्रे संवाददाता | ९८६०१०८२०६ | |
| २५ | रोजन तामाङ | पत्रकार | ९८६१७५३१६ | |
| २६ | शुकदेव थपलिया | सम्पादक jiggasanepal | ९८६००२४०३६ | |
| २७. | राजन प्र. दाहाल | प्रकाशक नेरी खबर साप्ताहिक | ९८४३०६४४६९ | |

| क्र.सं. | नाम थर | पद / संस्था | सम्पर्क नं. | हस्ताक्षर | |
|---|---|---|---|---|---|
| २८ | प्रदीप कुमार के.सी. | मध्यमार्ग सा. सम्पादक | ९८४११६३८३३ | | |
| २९ | ज्योति श्रेष्ठ | कान्तिपुर दैनिक संवाददाता | ९८६००४८६९० | | |
| ३० | बुद्ध कुमार श्रेष्ठ | प्रकाशक/सम्पादक | ९८४९८०२८५८ | | |
| ३१ | नगेन्द्र अधिकारी | अध्यक्ष/ नौलो समाचार डट कम | ९८६६०५८१८६ | | |
| ३२ | केशव राज पौडेल | संचालक कर्णाली डेलाइट | ९८२९०४५३९८ | | |
| ३३ | अरविन्द गौतम | कर्णाली प्रेस | ९८६०८९६३८६ | | |
| | रमेश शाहि [illegible] | | ९८४१८८२०२ | | |
| ३४ | [illegible] | [illegible] | [illegible] | | |
| ३५ | भगवती तामाङ | सा.म.वि.अ. | ९८४८२१२३२० | | |
| ३६ | सपना ओली | म.वि.नि. | ९८४३५११३२९ | | |
| ३७ | सुनिता कु. राय | सा. पा. | ९८४४०८४२४२ | | |
| ३८ | निवितचन्द्र घिमिरे | प्रशिक्षक | 9856045450 | | |

**अनुसूचि ४: लैससास निर्दिष्ट  हुने गरी वनेपा नगरपालिकाद्वारा जारी गरिएका कानूनहरू**

| क.सं. | लैससास निर्दिष्ट कार्यविधि, निर्देशिकाको नाम |
|---|---|
| १ | अपाङ्गता  परिचयपत्र वितरण कार्यविधि, २०७५ |
| २ | लैङ्गिक हिंसा निवारण कोष सञ्चालन कार्यविधि, २०७७ |
| ३ | बालकोष सञ्चालन कार्यविधि, २०७७ |
| ४ | कार्यस्थलमा हुने यौन दुर्व्यवहार (निवारण) आचार संहिता, २०७९ |
| ५ | बनेपा नगरपालिका बालबालिका  संरक्षण तथा संरक्षण सम्बन्धी कार्यविधि २०८० |
| ६ | वृत्ति मार्ग निर्देशन कार्यविधि २०८० |
| ७ | दलित छात्रवृत्ति वितरण कार्यविधि २०८० |
| ८ | बनेपा नगरपालिका विद्यालय शिक्षा सञ्चालन, व्यवस्थापन तथा नियमन कार्यविधि २०७५ |
| ९ | ज्येष्ठ नागरिक मञ्च सञ्चालन कार्यविधि २०८१ |

## अनुसूचि ५: वनेपा नगरपालिकामा लैससास प्रबर्द्धनका लागि भएका केही प्रयासहरू




















## अनुसूचि ६: लैससास परीक्षण कार्यशाला गोष्ठीका तस्बीरहरू























स्थानीय तहका जनप्रतिनिधि तथा कर्मचारीहरूलाई
बनेपा नगरपालिका
बनेपा, काभ्रेपलाञ्चोक
















लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परिक्षण सम्बन्धी
सार्वजनिक सुनुवाई
बनेपा नगरपालिका
बनेपा, काभ्रेपलाञ्चोक











